# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ४१ | काठमाडौं | बुधबार, २० जेठ २०८३ | Prabhab National Daily | Wednesday, 3 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-


## दिल्लीमा राजनीतिक भेटघाटमा व्यस्त रवि, आज प्रधानमन्त्री मोदीलाई भेट्दै

- भाजपाका अध्यक्ष नितिन नवीन, महासचिव अरूण सिंह, विदेश विभाग प्रमुख डा. विजय चौथाइवाले, दिल्लीकी मुख्यमन्त्री रेखा गुप्तासँग भेट
- भारतका विदेशमन्त्री एस जयशंकर र गृहमन्त्री अमित शाहसँग पनि भेटवार्ता
- भाजपा कार्यालयमा लामिछानेको स्वागतमा बिछ्याइयो 'रेड कार्पेट'



**भारतको नयाँ दिल्लीमा मंगलबार भारतीय विदेशमन्त्री एस जयशंकरलाई भेट्दै रास्वपा सभापति रवि लामिछाने ।** *तस्बिर सौजन्य: रास्वपा*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भारत भ्रमणमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का अध्यक्ष रवि लामिछाने भेटघाट र छलफलमा व्यस्त छन् । भारतीय जनता पार्टी (भाजपा) का अध्यक्ष नितिन नवीनको निमन्त्रणमा सोमबार नयाँ दिल्ली पुगेका लामिछानेले मंगलबार तीन महत्त्वपूर्ण भेटवार्ता गरे ।

मंगलबार बिहान लामिछानेको टोलीले भाजपाको केन्द्रीय कार्यालयमा भाजपाका अध्यक्ष नवीन, महासचिव अरुण सिंह, विदेश विभाग प्रमुख डा. विजय चौथाइवाले, दिल्लीकी मुख्यमन्त्री रेखा गुप्तासँग भेट गरे । उक्त भेटमा भाजपाका नेताहरूले लामिछानेलाई भाजपाको संगठन र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको शासनबारे जानकारी दिएका थिए ।

भेटमा 'पार्टी-पार्टी' सम्बन्धलाई कसरी अझै सुदृढ बनाउने भन्ने विषयमा छलफल भएको भाजपाका अध्यक्ष नवीनले बताएका छन् ।

क्रमशः पृष्ठ २ मा

## प्रधानमन्त्रीमाथि दबाब बढाउने विपक्षी रणनीति

■ **जेबी योञ्जन**

- कांग्रेस र नेकपाको बटमलाइन– संसद्बाटै प्रधानमन्त्रीको क्षमायाचना
- सदन र सडक मोर्चाबाट दबाब सिर्जना गरेर प्रधानमन्त्रीलाई कमजोर बनाउने एमाले रणनीति
- श्रम संस्कृतिको माग– प्रधानमन्त्रीको राजीनामा

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहको सीमासम्बन्धी अभिव्यक्तिले राष्ट्रिय राजनीति तातेको छ । प्रतिनिधिसभामा बोलेको विवादित अभिव्यक्तिपछि विपक्षी दलहरू सडक र सदन दुवै मोर्चामा सक्रिय भएका छन् । संसद् अवरुद्ध छ । राजनीतिक ध्रुवीकरण बढेको छ र विपक्षी दलहरू प्रधानमन्त्री शाहमाथि दबाब बढाउने साझा र फरक रणनीतिमा अघि बढेका छन् ।

प्रधानमन्त्री शाहले आइतबार संसद्मा बोल्दै 'नेपालले पनि भारतको केही भूभाग मिचेको रहेछ' भन्ने अभिव्यक्ति दिएका थिए । यही भनाइ अहिले राजनीतिक विवादको केन्द्र बनेको छ । विपक्षी दलहरूले यसलाई असावधान, कूटनीतिकरूपमा संवेदनशील र राष्ट्रिय हितविपरीत अभिव्यक्ति भनेका छन् । विवाद बढेपछि प्रतिनिधिसभाको नियमित कामकारबाही प्रभावित बनेको छ ।

क्रमशः पृष्ठ २ मा

## प्रधानमन्त्रीको सीमा–अधिव्यक्तिपछि 'रक्षात्मक' बन्दै रास्वपा



प्रधानमन्त्रीज्यूले नेपालले भारतको सीमा मिचेको भन्नुभएकै छैन । यस्तो कुरा आयो, म अचम्ममा परेँ भन्नुभएको कुरा विवादमा आयो । नभए रिक्याप गरेर सुन्नुहोला ।

■ **सस्मित पोखरेल**
प्रवक्ता, नेपाल सरकार



अन्तर्राष्ट्रिय हिसाबमा पनि छलफल गरेर जानुपर्छ भन्ने जुन प्रधानमन्त्रीज्यूले राख्नुभएको छ । त्यसले हामीलाई अझ बलियो बनाएर अगाडि बढाएको छ ।

■ **कविन्द्र बुर्लाकोटी**
महामन्त्री, रास्वपा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभामा प्रधानमन्त्री वालेन्द्र शाहले नेपाल-भार सीमाबारे दिएको अभिव्यक्ति विवादित बनेसँगै सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) रक्षात्मक बन्न थालेको छ । आइतबारको प्रतिनिधिसभा बैठकमा सांसदहरूको प्रश्नको जवाफ दिने क्रममा प्रधानमन्त्री शाहले 'नेपालले पनि भारतको जग्गा मिचेको रहेछ' भनेका थिए । उनको उक्त अभिव्यक्तिको चौतर्फी विरोध भइरहेको छ ।

प्रतिपक्षी दलहरूले प्रधानमन्त्रीले आफ्नो अभिव्यक्ति सच्याउँदै माफी माग्नुपर्ने मागसहित संसद्को दुवै सदन चल्न दिएका छैनन् । सीमाविद्हरूले पनि नेपालले भारतको सीमा मिचेको प्रमाण कतै नरहेकोले माफी माग्न माग गरेका छन् । संसद्बाटै गलत बोलेका कारण प्रधानमन्त्रीसँगै रास्वपामाथि यतिखेर चौतर्फी दबाब परेको छ । रास्वपाका सांसद तथा नेताहरू प्रधानमन्त्री शाहको बचाउमा लागे पनि सीमाविद्हरूले तथ्यसहित क्षमयाचना गर्न माग गरेपछि रास्वपा रक्षात्मक बन्न थालेको हो ।

मंगलबारको मन्त्रिपरिषद् बैठकपछि सरकारका प्रवक्तासमेत रहेका शिक्षामन्त्री सस्मित पोखरेलले प्रधानमन्त्रीले उक्त भनाइ बोल्दै नबोलेको दाबी गरे । 'प्रधानमन्त्रीज्यूले त्यस्तो भन्नुभएकै छैन । यस्तो कुरा आयो, म अचम्ममा परें भन्नुभएको कुरा विवादमा आयो । नभए रिक्याप गरेर सुन्नुहोला,' प्रवक्ता पोखरेलले भने ।

परराष्ट्र मन्त्रालयले आवश्यक जानकारी दिइसकेको उल्लेख गर्दै प्रवक्ता पोखरेलले सीमा विवाद मिलाउन विभिन्न संयन्त्र सक्रिय रहेको बताएका छन् । 'सीमा विवाद मिलाउन विभिन्न संयन्त्र छन् । यसलाई कसरी सल्टाउने भन्ने विषय प्रधानमन्त्रीले भनिसक्नुभएको छ । दुई देश मिलेर सीमा विवाद मिलाउने भन्ने कुरा भएको छ,' पोखरेलले भने ।

रास्वपाका महामन्त्री कविन्द्र बुर्लाकोटीले प्रधानमन्त्रीको भनाइले नेपाललाई अझ बलियो बनाएको दाबी गरेका छन् । मंगलबार संघीय संसद्परिसरमा सञ्चारकर्मीहरूले सीमासम्बन्धी राखेको जिज्ञासामा महामन्त्री बुर्लाकोटीले प्रधानमन्त्रीको भनाइले अझ बलियो बनाएको बताएका हुन् । 'अहिलेको जुन रिपोर्टहरू छ सामान्यतया: अब यो दशगजा क्षेत्रमा दुवै तर्फबाट भूउपयोगहरू भएको छ । त्यसलाई सीमा मिचेको भन्ने नभन्ने शब्द कस्तो प्रयोग गर्ने भन्ने एउटा पाटो रह्यो,' बुर्लाकोटीले भने, 'र, यो चाहिँ अन्तर्राष्ट्रिय हिसाबमा पनि छलफल गरेर जानुपर्छ भन्ने जुन प्रधानमन्त्रीज्यूले राख्नुभएको छ । त्यसले हामीलाई अझ बलियो बनाएर अगाडि बढाएको छ । हाम्रो सीमाको समाधान अलि छिटो गर्नुपर्छ, कूटनीतिक तवरबाट पहल गर्नुपर्छ भन्ने छ ।'

क्रमशः पृष्ठ २ मा



### भारतले भन्यो
## द्विपक्षीय मामिलामा तेस्रोपक्षको भूमिका आवश्यक छैन

**काठमाडौं (प्रस)–** भारतले भारत-नेपालको सीमा समस्या समाधानमा तेस्रो पक्षको भूमिका आवश्यक नहुने बताएको छ । नेपालका प्रधानमन्त्री वालेन्द्र शाहले दुई देशको सीमा समस्या समाधानका लागि बेलायतलाई समेत आग्रह गरिएको बताएपछि भारतको यस्तो प्रतिक्रिया आएको हो ।

मंगलबार भारतीय विदेश मन्त्रालयको नियमित प्रेस ब्रिफिङमा मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले द्विपक्षीय मामिलामा तेस्रो पक्षको कुनै पनि भूमिका नरहने बताएका छन् ।



क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## वैदेशिक रोजगारीमा जाने श्रमिकको लागत निर्धारण गर्दै सरकार

### श्रममन्त्री यादवले भने– 'फ्रि भिसा, फ्रि टिकट' भन्ने शब्दावली नै गलत

■ **ममता थापा**



**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकको लागत खर्च निर्धारण गर्ने तयारी गरेको छ । युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले वैदेशिक रोजगार ऐनको संशोधन र श्रमिकको लागत निर्धारण कार्य आगामी ४० दिनभित्र सक्नेगरी काम गरिरहेको जानकारी दिएका हुन् ।

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को केन्द्रीय श्रम तथा उपभोक्ता हित विभागले 'सुरक्षित श्रमिक, मर्यादित व्यवसायी र जवाफदेही सरकार' विषयमा मंगलबार आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री यादवले सरोकारवालासँग छलफल गरेर लागत निर्धारण गर्ने बताए ।

वैदेशिक रोजगार व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउन हाल वैदेशिक रोजगार ऐनको संशोधनमा केन्द्रित भएको श्रममन्त्री यादवले बताए । ऐन संशोधनका लागि सघाउन उनले सरोकारवालालाई आह्वानसमेत गरे । 'वैदेशिक रोजगार ऐन १०० दिनभित्र संशोधन गर्ने घोषणा गरेका छौं । ६० दिन बितिसक्यो । ४० दिन बाँकी छ । धेरै कामहरू भइसकेका छन् । अबको समय सबैजना यसमै इफोर्ट लगाऔं,' उनले भने ।

ऐनको संशोधन भएपछि यस क्षेत्रमा देखिएका नीतिगत अप्ठ्याराहरूको अन्त्य हुने अपेक्षा गरिएको उनले बताए । मन्त्री यादवले 'फ्रि भिसा, फ्रि टिकट' भन्ने शब्दावली नै गलत भएको बताए । फ्रि भिसाभन्दा पनि नैतिक भर्ना प्रक्रिया (इथिकल रिक्रुटमेन्ट)लाई प्रोत्साहन गर्नेगरी नीतिगत सुधार गर्ने उनले बताए ।

'मेरो रिसर्चअनुसार फ्रि-भिसा, फ्रि-टिकट होइन, इथिकल रिक्रुटमेन्ट हुनपर्ने हो । १० हजार होइन, जिरो हुनुपर्छ । यसलाई हामीले प्रमोसन गर्नेपर्छ,' मन्त्री यादवले भने, 'गाउँबाट विदेश पुग्दासम्म एक रूपैयाँमात्र खर्च भयो भने पनि त्यो इथिकल रिक्रुटमेन्ट भएन । त्यो बेला इथिकल रिक्रुटमेन्ट गराउन खोजेको हो भने फ्रि भिसा, फ्रि टिकट भन्ने शब्द गलत हो । यसलाई हामी रिभाइज गर्दै छौं ।'

मुलुकको रोजगार नीति समयसापेक्ष नहुँदा रोजगारी सिर्जना गर्ने कुरा प्रभावकारी हुन नसकेको उनले बताए । सरकारले छ महिनाभित्र रोजगार नीति ल्याउने लक्ष्य राखे पनि तीन महिनाभित्रै सक्नेगरी लागि परेको मन्त्री यादवको भनाइ छ । साथै, उनले रोजगारदाताको वर्गीकरण गरेर आधारभूत सेवा सुविधा नदिने रोजगारदाताको मागपत्र नल्याउने व्यवस्था गर्नेसमेत बताएका छन् । 'जुन रोजगारदाताले श्रमिकलाई आधारभूत सेवासुविधा दिन सक्दैन ती रोजगारदाताको माग नल्याउने ।

क्रमशः पृष्ठ २ मा

गाउँबाट विदेश पुग्दासम्म एक रूपैयाँमात्र खर्च भयो भने पनि त्यो 'इथिकल रिक्रुटमेन्ट' भएन । त्यो बेला इथिकल रिक्रुटमेन्ट गराउन खोजेको हो भने 'फ्रि भिसा, फ्रि टिकट' भन्ने शब्द गलत हो । यसलाई हामी 'रिभाइज' गर्दै छौं ।

■ **रामजी यादव**
श्रममन्त्री

मुनाफासहितको सेवा शुल्क निर्धारण गर्नुपर्छ । पहिला सरकार आफैं फेयर हुनपर्‍यो । कोरिया, इजरायल पठाउँदा शुल्क लिन हुँदैन । आफूले लिने अनि अरूलाई नलिऊ भन्न पाइँदैन ।

■ **डा. गणेशमान गुरुङ**
श्रमविद्


## नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनसहितको बिशेष साधारणसभा सम्बन्धी अत्यन्त जरुरी सूचना !

मिति २०८३/०२/२४ गते विशेष साधारणसभासहितको निर्वाचन सम्पन्न गर्न जिल्ला प्रशासन कार्यालयको लिखित निर्देशनअनुसार उक्त विशेष साधारणसभा तथा निर्वाचनमा सहभागिता सुनिश्चित गर्न सम्पूर्ण सदस्य संस्थाहरूले आफ्नो संस्थाको आधिकारिक प्रतिनिधि तोकी आवश्यक कागजातसहित मिति २०८३/०२/२१ गतेभित्र संघमा पठाईदिनु हुन हार्दिक अनुरोध गरिन्छ । निर्धारित समयभित्र प्रतिनिधि तथा आवश्यक कागजात पेश गरि सदस्य संस्थाहरूलाई विशेष साधारणसभा तथा निर्वाचन प्रक्रियामा सहभागी हुन अनुरोध गर्दछौं ।

**पेश गर्नुपर्ने कागजातहरू:**

१. प्रतिनिधि तोकिएको निवेदनपत्र
२. प्रतिनिधिको पासपोर्ट साइज फोटो– २ प्रति
३. सेयर लगत
४. नागरिकताको प्रतिलिपि
५. संघमा बुझाउनुपर्ने लेभी रकम

**लेबी prime bank limited बागबजार शाखाको A/C नम्बरको तल दिएको QR code मा deposit गरेको रकमको रसिद**

We Accept fonepay
NEPAL ASSOCIATION OF FOREIGN EMPLOYMENT AGENCIES
Terminal : 2222060013280567
Bank Branch : BAGBAZAR BRANCH
PRIME BANK LTD.

**सम्पूर्ण सदस्य संस्थाहरूलाई समयमै आवश्यक प्रक्रिया पूरा गरी प्रतिनिधि पठाइदिनुहुन हार्दिक अनुरोध गर्दछौं।**

**प्रवन्ध समिति**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल, काठमाडौं, फोन: ०१-४५९०५६९/४५९४४१८

# थामेका अभौतिक सम्पदाको सूचीकरण गर्दै युनेस्को काठमाडौं

**काठमाडौं-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहकार्यमा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) काठमाडौंले सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५ थामेका अभौतिक सम्पदाको सूचीकरण आरम्भ गरेको छ ।

२०८१ साउन ३२ गते त्यहाँ भएको हिमताल विष्फोटपश्चात्को बाढीका कारण बस्ती र सम्पदा प्रभावित भएपछि युनेस्को काठमाडौंले परियोजना तर्जुमा गरेर विज्ञसहितको अध्ययन टोली थामेमा पठाएको थियो । समुदायको सहभागितामा गरिएको अध्ययनको निष्कर्षका आधारमा मंगलबार भक्तपुरको नगरकोटमा आयोजित छलफल कार्यक्रममा थामेमा सूचीकरणको प्रक्रियामा रहेका सांस्कृतिक सम्पदाहरूको जानकारी दिइएको हो । उक्त सूचीमा खानाका परिकारतर्फ आलु रोटी, सोर्किम, थो र रिल्दोम (आलुको परिकार) तथा चाडपर्व र रीतिरिवाजतर्फ मणि रिम्दु, दुम्जी, लोसार, छेचु, चिरिम र बिदाइको रितलगायत रहेको अध्येता डा. नीलकमल चापागाईंले बताए । उनले विस्तृत अध्ययन गर्दा उक्त सूची बढ्न सक्ने जनाउँदै थामेमा बस्ती विस्थापनसमेत हुन थालेकाले जीवन्त सांस्कृतिक सम्पदालाई संरक्षण गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा मन्त्रालयका सहसचिव डा. सुरेशसुरज श्रेष्ठले युनेस्को मुख्यालयको नीतिलाई पालना गर्दै नेपाल सरकारले अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणको काम सुरु गरिसकेको जानकारी दिए । उनले सातै प्रदेशमा अभौतिक सम्पदा सूचीकरणको अभियान सञ्चालन गरेर आह्वान गर्दा गत वर्ष १०५ सम्पदा सूचीकरणका लागि आवेदन आएकामा अहिलेसम्म नेवार समुदायको योमरी परिकार सूचीकरणमा परेको बताए । योमरीलाई युनेस्कोको मार्गदर्शनअनुसार अन्तर्राष्ट्रियस्तरमा सूचीकरणका लागि प्रक्रिया सुरु भएको उनले बताए ।

संयुक्त राष्ट्रसंघको महासभाले सन् २००३ अक्टोबर १७ मा पारित गरेको अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी महासन्धिलाई नेपालले सन् २०१० मा अनुमोदन गरेको थियो । कार्यक्रममा युनेस्कोका लागि नेपाल प्रतिनिधि याको डु तोइटले हिमाली क्षेत्रमा बसोवास गर्दै आएको शेर्पा समुदायलाई केन्द्रमा राखेर उक्त अध्ययन गरिएको र यसलाई सरोकारवाला पक्षबाट प्राप्त सुझावका आधारमा प्रकाशन गरिने बताए । जल तथा मौसम विज्ञान विभागकी महानिर्देशक अर्चना श्रेष्ठले नेपालमा अहिलेससम्म चारवटा हिमताल फुटिसकेको र हिमलात फुट्दा स्थानीयको जनजीवनमा गम्भीर असर पर्ने भएकाले पूर्वसचेतनामा ध्यान दिनुपर्ने बताइन् ।

सगरमाथा राष्ट्रिय निकुञ्जकी प्रमुख संरक्षण अधिकृत सूष्मा रानाले थामेका शेर्पा समुदाय सम्पदा संरक्षणमा कटिबद्ध हुनाका साथै काटमार नगर्ने र जंगली जनावरलाई बाली खान दिने स्वभावका भएको अनुभव सुनाइन् । नेपालमा अभौतिक सांस्कृतिक सम्पदाहरूको संरक्षण रअभिलेखीकरणकालागिमन्त्रालयले अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि २०८१ तयार गरेको छ । सो सम्बन्धी विधेयक हालै राष्ट्रिय सभाबाट पारित भएको छ । कार्यक्रममा प्राकृतिक विपद्बाट थामे समुदायमा परेको प्रभावबारे बनाइएको वृत्तचित्र सार्वजनिक गरिएको थियो । *रासस*

# ‘लु’ को जोखिमबाट जोगिन पूर्वतयारीमा जुट्नुपर्नेमा जोड



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरोकारवाला निकायका सरकारी अधिकारी तथा मौसम विषयका जानकारहरूले ‘लु’ को जोखिमबाट जोगिन आवश्यक पूर्वतयारीमा जोड दिएका छन् । अन्तर्राष्ट्रिय रेडक्रस तथा रेड क्रिसेन्ट महासंघ (आइएफआरसी)ले अत्यधिक गर्मी जोखिम न्यूनीकरण दिवसका अवसरमा मंगलबार यहाँ आयोजना गरेको कार्यक्रममा उनीहरूले त्यसका लागि तीनै तहका सरकार र साझेदारी निकायबीच सहकार्य तथा समन्वय अपरिहार्य रहेको उल्लेख गरे ।

गृह मन्त्रालयका सहसचिव सुरेश पन्थीले ‘लु’ को जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि मन्त्रालयले कार्ययोजना स्वीकृत गरी लागू गरिसकेको बताए । साथै, उनले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत अत्यधिक जोखिममा रहेका र धेरै जनसंख्या भएका सम्भावित जोखिम भएका जिल्लामा सन्देश प्रवाह भइरहेको उल्लेख गरे ।

यस प्रक्रियामा गृह मन्त्रालयले ‘लु’ बाट प्रभावित हुने क्षेत्रका नागरिकहरूको तत्काल जीवन रक्षा गर्न, उनीहरूलाई सचेत गराउन र यसको प्रभावलाई न्यूनीकरण गर्न आवश्यक कार्य र समन्वय गरिरहेको जानकारी गराए ।

जल तथा मौसम विज्ञान विभागकी महानिर्देशक डा. अर्चना श्रेष्ठले तापक्रममात्र नभई हावा, आर्द्रताजस्ता विभिन्न आयामलाई ध्यानमा राखेर गर्मीसम्बन्धी जोखिमहरूको मूल्यांकन गर्न आवश्यक रहेकामा जोड दिइन् । यस वर्ष औसतभन्दा कम वर्षा हुने सम्भावना देखिएको जानकारी गराउँदै उनले यसको आधारमा गर्मी लहर तथा अत्यधिक गर्मीका दिनहरू बढ्न सक्ने अनुमान गरिएको बारेमा आफूहरूले निरन्तर निगरानी गरिरहेको उल्लेख गरिन् । प्रमाण र तथ्यमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्दै समयमै सही निर्णय लिन सकिने वातावरण निर्माण सबैको प्रमुख लक्ष्य हुनुपर्ने उनको भनाइ थियो ।

नेपाल रेडक्रस सोसाइटीका महामन्त्री मीनबहादुर मल्लले सरोकारवाला विज्ञहरूबीचको छलफल र विचारहरूले आगामी दिनमा नेपाल सरकार तथा विभिन्न साझेदार संस्थाहरूसँगको सहकार्यमा रणनीति निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे । उनले सरकार र अन्य निकायसँगको सहकार्यले आगामी दिनमा अझ धेरै जिल्लामा रेडक्रसले ‘लु’ सचेतना कार्यक्रम विस्तार गर्न र समुदायस्तरमा प्रभावकारी सेवा पुऱ्याउन सहयोग पुग्ने उल्लेख गरे ।

डिपी नेपालका अध्यक्ष डा. वसन्तराज अधिकारीले पछिल्लो समय विश्वव्यापी तापक्रम वृद्धि भइरहेका बेला गर्मीका चुनौतीहरू केवल तराई क्षेत्रमामात्र होइन, हिमाली क्षेत्र र मध्यपहाडी उपत्यकामा बढ्दै गइरहेको उल्लेख गर्दै यसको सामनाका लागि विस्तृत अनुसन्धान र नवप्रवर्तन अत्यन्त आवश्यक रहेको बताए । नेपाल सरकारले हालै स्वीकृत गरेको तापीय कार्यढाँचा कार्यान्वयनका लागि पर्याप्त वैज्ञानिक आधार र स्थानीयस्तरका तथ्यांक आवश्यक रहेको उनको भनाइ थियो ।

# सतर्कताको छड्के अनुगमन तीव्र

**काठमाडौं–** राष्ट्रिय सतर्कता केन्द्रले मुलुकको सार्वजनिक प्रशासनलाई चुस्तदुरुस्त, प्रभावकारी र जवाफदेही बनाउने उद्देश्यले अनुगमन टोलीलाई थप सक्रिय बनाएको छ ।

सार्वजनिक संस्थाहरूमा हुने अनियमितता र भ्रष्टाचारजन्य कार्यको रोकथामका लागि आवश्यक छानबिन, अनुगमन, निगरानी, छड्के जाँच र अन्वेषण गर्ने जिम्मेवारी पूरा गर्ने क्रममा केन्द्रले आफ्नो अनुगमन टोलीलाई थप सक्रिय बनाएको हो ।

केन्द्रका प्रवक्ता एवं सहसचिव नारायणप्रसाद भट्टले वर्तमान सरकार गठन भएसँगै जारी भएको १०० बुँदे कार्यक्रममा उल्लेख भएबमोजिम मुलुकमा सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण तथा सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने क्रममा पछिल्ला दिनमा अनुगमनको कामलाई प्राथमिकता दिएको स्पष्ट गरे ।

देशभरका सरकारी तथा अर्धसरकारी निकायसहित शैक्षिक प्रतिष्ठानहरूमासमेत अनुगमन गर्ने जिम्मेवारी रहेको सतर्कतासम्बद्ध टोलीले जेठ महिनामा दैनिक कम्तीमा १५ देखि २० वटा कार्यालय गई संकलन गरेको विवरणका आधारमा नियम उल्लंघन गर्ने कर्मचारीलाई कारबाहीका लागि सम्बन्धित निकायलाई पत्राचार गर्ने गरेको प्रवक्ता भट्टले जानकारी दिए ।

अनुगमन टोलीलाई तोकिएको सार्वजनिक निकायमा पुगी त्यहाँ कार्यरत कर्मचारीको हाजिरी उपस्थितिसहित अनुशासन र उपयुक्त पोसाकसहित आफ्नो कार्यकक्षमा बसे, नबसेकोलगायतका विवरण संकलन गरी प्राप्त कैफियतका आधारमा सच्चिनका लागि व्यवस्थापन पक्षलाई रायसुझाव दिने र संकलित विवरण केन्द्रमा पेस गर्नुपर्ने जिम्मेवारी प्रदान गरिएको केन्द्रले जनाएको छ ।

केन्द्रको रणनीतिअनुसार पछिल्ला दिनमा ‘छड्के’ अनुगमनको कामलाई तीव्रता दिएको स्पष्ट गर्दै प्रवक्ता भट्टले भने, ‘नेपाल सरकारको नीति तथा कार्यक्रमबमोजिम देशभरका सार्वजनिक निकायहरूमा उच्च प्राथमिकतासाथ अनुगमनको काम भइरहेको छ । यसले सुशासन, पारदर्शिता र जवाफदेहितासहित जनमुखी र सेवाग्राहीमैत्री कामकाजमा सघाउ पुऱ्याउने छ । राष्ट्रसेवक कर्मचारीसहित सम्बद्ध सबै पक्ष र क्षेत्रबाट यस अभियानमा साथ सहयोग प्राप्त हुने विश्वास लिएका छौं ।’

यसै सन्दर्भमा सतर्कता केन्द्रको टोलीले मंगलबार सिंहदरबारस्थित राष्ट्रिय समाचार समिति (रासस) केन्द्रीय कार्यालयमा छड्के अनुगमन गरी हाजिरी व्यवस्थापनको सन्दर्भमा कानुनमा नबाझिने गरी समाचार संस्थाको कार्यप्रकृतिअनुसार कार्यविधि बनाउन सुझाव दिएको छ ।

विभिन्न सिफ्टमा चौबीसै घण्टा काम गर्नुपर्ने र स्थलगत समाचार संकलन गर्नुपर्ने ‘रासस’जस्तो संस्थाले तोकिएको कार्यअवधि नघट्ने र कामकाजमा असर नपर्नेगरी व्यावहारिक पक्षलाईसमेत दृष्टिगत गरी कार्यविधि बनाएर अघि बढ्न सो टोलीले सुझाव दिएको हो । *रासस*

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०८०/०६/२३ मा दर्ता भएको **प्रा. लि. नं. ३२१५००** को **नेपाल फुलवारी केन्द्र प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०८३/०२/२०**
यस कम्पनीको मिति २०८३/०१/०२ को साधारणसभा र विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी साविक कम्पनी **काठमाडौं कलेक्सन प्रा. लि.**को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने सम्पूर्ण कर दायित्व परिवर्तित कम्पनीले व्यहोर्ने गरी कम्पनी रजिट्रार कार्यालयको २०८३/०१/०९ को निर्णय अनुसार नाम परिवर्तन गरी **अमृत कलेक्सन प्रा. लि. (प्रा. लि. नं. ३०३४४४)** कायम गरिएको व्यहोरा सम्वद्ध सबैका लागि जानकारी गराइन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
**कम्पनी दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयको मिति २०६६/०४/०१ मा दर्ता भएको **प्रा. लि. नं. ६४१०७** को **प्रज्ञा पावर कम्पनी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल ह्याण्डबल संघ**
केन्द्रीय कार्यालय, काठमाडौं
**विधान सम्मेलन तथा केन्द्रीय अधिवेशन सम्बन्धी सूचना**
नेपाल ह्यान्डवल संघको मिति २०८१/१२/०९ गते आयोजित चालु अवस्थाको विधान सम्मेलन तथा केन्द्रीय अधिवेशन विविध कारणले गर्दा स्थगित भएको सर्वविदित नै छ । सो पश्चात सम्मानीत उच्च अदालत पाटनको मिति २०८२/१०/०७ को फैसला बमोजिम राष्ट्रिय खेलकुद परिषदको बोर्डको बैठकले यस संघको नयाँ कार्यसमितिको निर्वाचन गर्न अनुमति दिइएको जानकारी गराउँदै संघको विधान अनुसार विधान सम्मेलन र केन्द्रीय अधिवेशन तपशिल बमोजिम हुने भएकोले साविककै १३४ जना प्रतिनिधीहरु यहि सूचनालाई आधार मानी उपस्थिति हुन यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।
**तपशिल**
मिति : २०८३ असार १३ गते    समय : बिहान ८ बजे
स्थान : केन्द्रीय कार्यालय (उपत्यका काठमाडौं)

**एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको गैह्र बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ (सात) दिने सूचना**
(प्रकाशित मितिः २०८२/०२/२० गतेको प्रभाव राष्ट्रिय दैनिक)
यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला, ईमाडोल गा.वि.स./न.पा., वडा नं. ६, नक्सा सिट नं. १०२१२६७०६ स्थित कि.न. ७०२, ७०४, ७१०, ७१४, ७१६ र ७१२ को क्षेत्रफल क्रमशः ६४.१९, ३७.५७, ९.६०, ८.९६, ६.८८ र १५.१६ व.मि.को घरजग्गा (गैह्र बैकिङ्ग सम्पत्ति) जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिन अर्थात मिति २०८३।०२।२७ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । गोप्य शिलबन्दी बोलपत्र सम्बन्धी सम्पूर्ण विवरणहरु तथा शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।
NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

**ओमनमा रोजगार**
कम्पनी : ISSAM AL SABRI MODERN PROJECTS
पूर्व स्वीकृति मिति : २०८२/११/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१९ LT. No. 339668 चलानी नं. ६०२५३१३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sandwich Maker | 2 | 0 | 140 | ५५,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Food Waiter (Male) | 3 | 0 | 140 | ५५,३८५ | | | | | | | |
| 3 | Cafe Waiter | 1 | 0 | 140 | ५५,३८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २७ गते (10th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, 9813048932 (Abdulla Asur din Miya), E-mail : alkausar.hrm@gmail.com

**युएइमा रोजगार**
कम्पनी : ARIF HUSSAIN BUILDING MAINTENANCE
पूर्व स्वीकृति मिति : २०८२/०२/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१९ LT. No. 323927 चलानी नं. ६०२३७८६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 1200 | ४९,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 20 | 0 | 1200 | ४९,७०५ | | | | | | | |
| 3 | Stone Mason | 20 | 0 | 1200 | ४९,७०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २७ गते (10th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Government License No. 1180/073/74
Fine Job Recruitment Pvt. Ltd.
Gyanjyoti Marga-4, Maharajgung, Kathmandu, Phone No. 01-4110722 / 4110721, 9801061512, 9801603435
E-mail : finejobrecruitment@gmail.com, GPO Box No.:- 6163, web:- www.finejob.com.np

**साउदीमा रोजगार**
कम्पनी : Drip Coffee Café For Serving Meals
पूर्व स्वीकृति मिति : २०८३/०२/१८ LT. No. 342784 चलानी नं. ६०२५६१५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 6 | 0 | 1500 | ६०,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २७ गते (10th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Gulshan Kumar Yadav : 9820137108
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

**कुवेतमा रोजगार**
कम्पनी : BYALAT KARAK RESTAURANT COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०९/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१९ LT. No. 336238 चलानी नं. ६०२५६१९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Labour -Indoor | 3 | 0 | 90 | ४४,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २७ गते (10th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Index Recruitment Pvt. Ltd.
श्रम इजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.No. Bina Gurung 9813850986
Neelam Ghimire 9814269669, E-mail : info@indexrecruitment.com.np, www. www.indexrecruitment.com.np

**मलेसियामा रोजगार**
कम्पनी : MEGA JUMBO ASIA LINES SDN.BHD
पूर्व स्वीकृति मिति : २०८३/०२/08 LT. No. 342230 चलानी नं. ६०२५६१६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cargo Workers | 10 | 0 | 1700 | ६५,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SAFEGUARDS RESOURCES SDN.BHD.
पूर्व स्वीकृति मिति : २०८३/०२/१८ LT. No. 342859 चलानी नं. ६०२५६१६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 15 | 0 | 1700 | ६५,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २७ गते (10th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gauri Shankar Overseas Pvt. Ltd.
Sukedhara -04, Kathmandu, Nepal, Ph. No: 01-4518353, 4518303 Purna Pradhan : 9851105519
E-mail : info@gsoverseas.com.np, Web: www.gsoverseas.com.np
Govt. License No. 558/062/063

**युएइमा रोजगार**
कम्पनी : FIRST SECURITY GROUP L L C
पूर्व स्वीकृति मिति : २०८२/03/08 पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१९ LT. No. 325845 चलानी नं. ६०२३९८२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 58 | 14 | 800 | ३३,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २७ गते (10th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BRIGHT STAR HUMAN RESOURCES PVT. LTD.
श्रम इजाजत नं. ७०३/०६४/०६५
Tokha 07, Prayasnagar, Kathmandu, Nepal, Tel: 015910659, Mob: Rambabu Ghimire 9851316074, Office Hours: 10:00 AM to 5:00 PM.
Email: cv.brightstar@gmail.com, info@brightstarhr.com / Web: brightstarhr.com

**ओमनमा रोजगार**
कम्पनी : Itqan For Facility Management And Services Spc
पूर्व स्वीकृति मिति : २०८२/०८/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१९ LT. No. 338314 चलानी नं. ६०२५१८११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner / Public Building | 72 | 0 | 100 | ३९,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २८ गते (11 June. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Jasmine Overseas Pvt. Ltd.
श्रम इजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

**साउदीमा रोजगार**
कम्पनी : AL Woustah Food Services Company
पूर्व स्वीकृति मिति : २०८३/०२/१८ LT. No. 342879 चलानी नं. ६०२५६१५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 29 | 0 | 1000 | ४०,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २७ गते (10th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

**साउदीमा रोजगार**
कम्पनी : Sterilization Shield Factory for Industry
पूर्व स्वीकृति मिति : २०८३/०२/१८ LT. No. 342908 चलानी नं. ६०२५६१९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 5 | 0 | 1500 | ६०,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २७ गते (10th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LION RECRUITMENT SERVICES PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com
Govt. License 1770/081/082

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## वैदेशिक रोजगारीमा सुधारः भाषणमा होइन, व्यवहारमा देखाऊ

नेपालको अर्थतन्त्रलाई रेमिटयान्स (विप्रेषण) मार्फत धान्दै आएका वैदेशिक रोजगारीमा जाने श्रमिकहरू सधैँ राज्यको उपेक्षा र व्यवसायीको शोषणमा परिरहेका छन् । सरकार फेरिनासाथ श्रम मन्त्रालयको नेतृत्व सम्हाल्ने हरेक मन्त्रीले वैदेशिक रोजगारीलाई 'व्यवस्थित, सुरक्षित र मर्यादित' बनाउने आश्वासन बाँड्नु नयाँ विषय होइन । मंगलबारमात्रै श्रममन्त्री रामजी यादवले वैदेशिक रोजगार ऐन संशोधन र श्रमिकको लागत निर्धारण आगामी ४० दिनभित्र सक्ने दाबी गरेका छन् । तर, विगतका अनुभवलाई हेर्दा नीति र भाषण जति लोभलाग्दा सुनिन्छन्, व्यवहारमा ती त्यति नै निरस र असफल साबित हुँदै आएका छन् । यो बेथिति अन्त्यका लागि अब कुरा होइन, तत्काल ठोस निर्णय र त्यसको इमानदार कार्यान्वयन आवश्यक भइसकेको छ ।

विगत एक दशकदेखि चर्चामा रहेको र लागू भनिएको 'फ्रि भिसा, फ्रि टिकट' को नीति केवल कागजमा सीमित छ । सरकारले सेवा शुल्क १० हजार रूपैयाँ तोकेको भए पनि श्रमिकहरू लाखौं रूपैयाँ बुझाउन बाध्य छन् । बैंकिङ च्यानलबाट १० हजारको रसिद थमाएर लाखौंको अवैध असुली हुने गरेको 'ओपन सेक्रेट' जस्तै छ । व्यवसायी स्वयंले स्वीकार गर्दै आएको कुरा हो यो । र, सरकार पनि यस सत्यबाट अनभिज्ञ छैन । तर पनि वर्षौंदेखि यो समस्या ज्युँका त्युँ रहनुले राज्य संयन्त्रको लाचारी र मिलेमतोलाई छताछुल्ल पार्छ । अन्ततः यसको सीधा मारमा ऋणको भारी बोकेका श्रमिकहरू नै परिरहेका छन् ।

समस्याको दीर्घकालीन समाधानका लागि सरकारले अब दोहोरो मापदण्ड त्याग्नुपर्छ । एकातिर अव्यावहारिक नीति नियम बनाउने र अर्कोतिर त्यसको अनुगमन नगर्ने परिपाटी बन्द हुनुपर्छ । श्रममन्त्रीले अघि सारेको 'इथिकल रिक्रुटमेन्ट' (नैतिक भर्ना प्रक्रिया) को अवधारणा सैद्धान्तिकरूपमा सकारात्मक छ । तर, यो नारामामात्र सीमित हुनु हुँदैन । सरकारले श्रमिकलाई लाग्ने वास्तविक लागत र व्यवसायीहरूको लगानी तथा प्रशासनिक खर्चलाई मध्यनजर गर्दै 'व्यावहारिक सेवा शुल्क' निर्धारण गर्नुपर्छ । व्यवसायीहरूले ठूलो रकम धरौटी राखेर संस्था चलाएका हुनाले उनीहरूको समस्या र न्यायोचित मागलाई पनि सम्बोधन गरिनुपर्छ । जबसम्म व्यवसायीका लागि पारदर्शी र व्यावहारिक बाटो खोलिँदैन, तबसम्म अवैध वित्तीय लेनदेन रोकिन सक्दैन ।

अर्कोतर्फ, मागपत्र प्रमाणीकरणका नाममा नेपाली दूतावासहरूमा हुने भनिएको मोलमोलाइ र बार्गेनिङको अन्त्य हुनुपर्छ । गन्तव्य मुलुकका रोजगारदाताहरूको सही वर्गीकरण गरी 'अटोमेटिक एप्रुभल' (स्वचालित स्वीकृति) को प्रणाली विकास गरिनु आजको आवश्यकता हो । बजारको मागभन्दा बढी रहेका म्यानपावर कम्पनीहरूलाई गाभ्ने (मर्जर) र कार्यसम्पादनका आधारमा वर्गीकरण गर्ने श्रमविद्हरूको सुझावलाई सरकारले गम्भीरतापूर्वक लिनुपर्छ ।

वैदेशिक रोजगारी नेपालको बाध्यता हो । आफ्नो श्रम र पसिना बेचेर देशको अर्थतन्त्र थामिरहेका नागरिकलाई राज्यले ठगिँदा पनि टुलुटुलु हेरेर बस्नु लज्जास्पद विषय हो । तसर्थ, प्रस्तावित वैदेशिक रोजगार ऐनको संशोधन केवल सरोकारवालालाई फकाउने दस्तावेजमात्र नबनोस् । यो पूर्णरूपमा श्रमिकमैत्री र व्यावहारिक बनाइयोस् । सरकारले आश्वासन बाँड्नेमात्र होइन, व्यवहारमै परिवर्तनको अनुभूति गरेर देखाओस् ।

### श्रम सरोकार

## विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

# रक्तनलीको सुजन रोग स्थिति र चुनौती



❑ डा. कृष्ण अधिकारी

"नेपालमा जीउ दुख्नासाथ डाक्टरलाई नसोधी मेडिकलबाट किनेर दुखाइको औषधि (पेनकिलर) खाने बानी छ । यसमा सबैभन्दा ठूलो चेतावनी भनेको बिरामीले दुखाइ कम गर्ने नाममा आफैं पेनकिलर खानु हुँदैन । यो साह्रै जोखिमपूर्ण हुन सक्छ किनभने पेनकिलरले केहीबेर दुखाइमात्र दबाउँछ, रोग निको पार्दैन, उल्टो रोग भित्रभित्रै बढिरहन्छ । लामो समय खाँदा पेटमा घाउ हुने र कलेजो तथा मिर्गौला बिग्रने डर हुन्छ । त्यसैले दुखाइ भए लुकाएर औषधि खानुको सट्टा डाक्टरलाई देखाउनुपर्छ ।

हाम्रो समाजमा जीउ दुख्यो, झमझम भयो वा हातखुट्टा गल्यो भने धेरैले त्यसलाई नसा बाथ भन्ने गर्छन् । कतिले त खुट्टामा देखिने फुलेका नीला नसासँग पनि यसलाई जोड्छन् । तर, ती फुलेका नीला नसा बेग्लै कुरा हुन्- ती त रगतलाई फेरि मुटुतिर फर्काउने सामान्य नसामात्र हुन्, र तिनलाई 'वेरिकोज भेन्स' भनिन्छ । यो लेखमा 'भास्कुलाइटिस'का बारेमा चर्चा गरिएको छ । नेपालीमा भन्दा यसलाई रक्तनलीको सुजन भन्न सकिन्छ ।

### भास्कुलाइटिस भनेको के हो त ?

यो बुझ्न पहिले एउटा कुरा थाहा पाउनुपर्छः हाम्रो शरीरभित्र एउटा सुरक्षा प्रणाली हुन्छ, जसरी देशको सेनाले बाहिरी शत्रुसँग लड्छ । त्यसैगरी, यो प्रणालीले शरीरभित्र पस्ने कीटाणु र रोगसँग लड्छ । तर, कहिलेकाहीँ यो प्रणालीले गल्ती गर्छ । शत्रु चिन्न नसकेर आफ्नै शरीरका स्वस्थ भागमाथि नै आक्रमण गर्न थाल्छ । यस्तो रोगलाई 'अटोइम्युन' रोग अर्थात् आफैंले आफूलाई हान्ने रोग भनिन्छ ।

भास्कुलाइटिस यस्तै एउटा रोग हो । यसमा शरीरको सुरक्षा प्रणालीले आफ्नै रक्तनली (रगत बग्ने नली) माथि आक्रमण गर्छ । यो आक्रमणले रक्तनलीलाई सुन्निने (सुजन आउने) बनाउँछ । रक्तनली सुन्निदा तीनवटा कुरा हुन सक्छन्, र तीनै कुरा खतरनाक छन्ः

एउटा यसबाट नली साँघुरो हुन्छ । यसले गर्दा त्यो भागमा रगत कम पुग्छ, र सम्बन्धित अंग कमजोर हुन थाल्छ । दोस्रो, नली पूरै बन्द हुन्छ । यसो हुँदा रगत र अक्सिजन नपुगेर त्यो अंग मर्न थाल्छ । तेस्रो भनेको नली कमजोर भएर फुट्छ । त्यतिबेला शरीरभित्रै रक्तस्राव हुन्छ, जुन ज्यानका लागि घातक हुन सक्छ । तर राम्रो कुरा के भने यो रोग धेरै कम मानिसमामात्र देखिन्छ । नराम्रो कुरा के भने देखियो भने यो गम्भीर हुनसक्छ । त्यसैले समयमै चिन्नु र डाक्टरकहाँ पुग्नु नै सबैभन्दा ठूलो कुरा हो ।

### यो रोग किन लाग्छ ?

धेरैजसो अवस्थामा यो किन लाग्छ भन्ने ठ्याक्कै कारण थाहा हुँदैन । शरीरको सुरक्षा प्रणाली किन अचानक आफ्नै रक्तनली माथि बिग्रिन्छ, त्यो अझै पूरै बुझिएको छैन । तैपनि केही कुराहरूले यो रोगलाई निम्त्याउन वा बढाउन सक्छ । कलेजोको संक्रमण (हेपाटाइटिस बी वा सी) जस्ता केही संक्रमणहरू भएको अवस्थामा, केही औषधिको प्रतिक्रिया भएमा र कहिलेकाहीँ क्यान्सरसँग पनि सम्बन्धित हुनसक्छ । केही व्यक्तिमा संक्रमण वा खोपपछि पनि यो देखिएको रिपोर्ट छ, तर यस्तो निकै कम हुन्छ । त्यसको डरले खोप छोड्नु हुँदैन । खोपको फाइदा यस्ता दुर्लभ जोखिमभन्दा निकै ठूलो हुन्छ ।

### रोगका प्रकार र लक्षण

भास्कुलाइटिसले शरीरका कुन आकारका रक्तनलीलाई असर गरेको छ, त्यसै अनुसार लक्षण फरक हुन्छन् । मुख्यतया तीन किसिम छन् तर लक्षणको सूचीमा अल्झिनुभन्दा एउटै कुरा सम्झनुपर्छ । तल उल्लिखित कुनै पनि लक्षण देखिए ढिलो नगरी डाक्टरलाई देखाउनुपर्छ ।

### सानो रक्तनलीको सुजन

यसको सबैभन्दा चिन्न सजिलो लक्षण हो । यसमा छालामा, खासगरी खुट्टातिरबाट सुरु भएर देखिने गाढा राता साना थोप्ला वा धब्बा (दबाउँदा पनि नहराउने) देखिन्छ । यसले भित्री अंगलाई पनि असर गर्छ । फोक्सोमा परेमा लगातार खोकी, खकारमा रगत, सास फेर्न गाह्रो हुन्छ भने मिर्गौलामा परेमा पिसाबमा रगत वा फिँज देखिने । यो खतरनाक छ, किनभने पत्तै नपाई मिर्गौला बिग्रन सक्छ ।

यो समस्या बालबालिकामा बढी देखिन्छ (बच्चामा हुने एक सामान्य प्रकारलाई 'हेनोक-शोनलाइन परप्युरा' वा 'आइजिए भास्कुलाइटिस' भनिन्छ, जुन प्रायः आफैं निको हुन्छ) । तर वयस्कमा देखिए कडा हुनसक्छ ।

### मध्यम रक्तनलीको सुजन

यसले भित्री अंगमा रगत पुर्याउने मध्यम आकारका नलीलाई असर गर्छ । यसका लक्षणहरूमा धेरै दिनसम्म ज्वरो, शरीर गल्नु, तौल घट्नु, छालामा कडा गिर्खा आउनु, ती बिग्रिएर निको नहुने घाउ बन्न पुग्छ । कहिलेकाहीँ हातखुट्टाका औंलामा रगत पुग्नै छोडेर औंला काला भई सुक्ने र मर्ने अवस्था आउन सक्छ ।

### ठूलो रक्तनलीको सुजन

यसले शरीरका ठूला रक्तनलीलाई असर गर्छ र प्रायः ५० वर्षभन्दा माथिका मानिसमा देखिन्छ । यसका केही लक्षण तुरुन्त उपचार चाहिने आपत्कालीन अवस्था हुन् । यसमा नयाँ किसिमको टाउको दुखाइ, खासगरी कञ्चटतिर बढी दुख्छ । कपाल कोर्दा वा छाला छुँदा टाउकोको छाला दुख्ने, केही बेर चपाएपछि बंगारा दुख्ने वा गल्ने हुन्छ । यो भास्कुलाइटिसको निकै महत्त्वपूर्ण संकेत हो । अचानक आँखा धमिलो हुनु वा देख्नै छोड्ने हुनसक्छ । यो आपत्कालीन हो किनभने ढिलो भए स्थायी अन्धोपन हुनसक्छ । हात माथि उठाउँदा वा हिँड्दा हातखुट्टा गल्ने हुन्छ ।

माथि उल्लेख गरिएका अवस्था देखिएमा बिरामीलाई तुरुन्त अस्पताल लैजानुपर्छ । खासगरी अचानक आँखा धमिलो हुनु वा नदेख्ने, सास फेर्न साह्रै गाह्रो हुनु वा खकार/थुकमा रगत आउने, पिसाबमा रगत देखिने, शरीरको एकातिर अचानक कमजोर हुनु, बोली लर्बराउनु वा अनुहार बाँगिएमा, औंला वा अंग काला हुँदै गएमा तुरुन्तै अस्पताल जानुपर्छ ।

### डाक्टरले कसरी पत्ता लगाउँछन् ?

यो रोग चिन्न डाक्टरलाई पनि गाह्रो हुन्छ, किनभने सुरुका लक्षण सामान्य पेट दुखाइ, ज्वरो वा छालाको एलर्जीजस्तै देखिन्छन् । त्यसैले एउटै जाँचले पुग्दैन । डाक्टरले विभिन्न तरिका मिलाएर निष्कर्षमा पुग्नुपर्ने हुन्छ । रगत जाँच गरी शरीरमा सुजन छ कि छैन हेर्न (जस्तैः 'इएसआर' र 'सिआरपी' नामका जाँच), रगतको कमी छ कि भनेर हेर्न सकिन्छ । मिर्गौला, कलेजोजस्ता अंगको जाँचबाट कुन अंगमा असर परेको छ थाहा पाउन सकिन्छ । 'बायोप्सी' गरी रोग पक्का गर्न शरीरको सानो टुक्रा झिकेर सूक्ष्मदर्शकमा हेरेर अवस्था पत्ता लाग्दछ । त्यस्तै 'इमेजिङ/एन्जियोग्राम' गरेर रक्तनली साँघुरो वा बन्द भएको छ कि भनेर थाहा हुन्छ । नेपालमा यी सबै सुविधा खासगरी काठमाडौंबाहिर सजिलै नपाइन सक्छ । त्यसैले लक्षण देखिए सकेसम्म चाँडो विशेषज्ञ भएको ठूलो अस्पताल पुग्नु राम्रो हुन्छ ।

**उपचारः** के गर्न मिल्छ, के गर्न हुँदैन ?

यो रोग पूरै निको नहोला, तर समयमै उपचार सुरु गरे राम्ररी नियन्त्रणमा राख्न सकिन्छ, र अंगलाई बिग्रनबाट जोगाउन सकिन्छ । धेरै बिरामी औषधिको सहायताले सामान्य जीवन बिताउँछन् ।

**औषधिको प्रयोगः**

यसमा डाक्टरले दिने औषधि भनेको स्टेरोइड हो, जसले सुजन छिटो घटाउन मद्दत गर्दछ । यो सुरुमा बढी मात्रामा दिइन्छ, अनि रोग नियन्त्रणमा आएपछि बिस्तारै घटाइन्छ । आफैं अचानक छोड्नु हुँदैन । अर्को इम्युनोसुप्रेसिभ औषधि हो । यसले अति सक्रिय भएको सुरक्षा प्रणालीलाई शान्त पार्ने काम गर्दछ, जसले रोग दोहोरिन दिँदैन । त्यस्तै अर्को बायोलोजिक औषधि हुन्छ । नयाँ किसिमको लक्षित यो औषधि केही खास प्रकारका भास्कुलाइटिसमा प्रयोग गरिन्छ ।

**पेनकिलरको प्रयोग नगर्नेः**

नेपालमा जीउ दुख्नासाथ डाक्टरलाई नसोधी मेडिकलबाट किनेर दुखाइको औषधि (पेनकिलर) खाने बानी छ । यसमा सबैभन्दा ठूलो चेतावनी भनेको बिरामीले दुखाइ कम गर्ने नाममा आफैं पेनकिलर खानु हुँदैन । यो साह्रै जोखिमपूर्ण हुन सक्छ किनभने पेनकिलरले केहीबेर दुखाइमात्र दबाउँछ, रोग निको पार्दैन, उल्टो रोग भित्रभित्रै बढिरहन्छ । लामो समय खाँदा पेटमा घाउ हुने र कलेजो तथा मिर्गौला बिग्रने डर हुन्छ । त्यसैले दुखाइ भए लुकाएर औषधि खानुको सट्टा डाक्टरलाई देखाउनुपर्छ ।

### फिजियोथेरापी उपयोगीः

कहिलेकाहीँ यो रोगले नसामा असर गरेर हातखुट्टा चलाउन गाह्रो हुन्छ वा जोर्नी अररो हुन्छ । यस्तो बेला औषधिलेमात्र पुग्दैन । फिजियोथेरापीले मांसपेशी फेरि बलियो बनाउन, जोर्नी नचल्ने हुनबाट जोगाउन र रक्तसञ्चार सुधार्न मद्दत गर्छ । डाक्टरले सुझाएमा यो नियमित गर्न सकिन्छ ।

**मन र परिवारको भूमिका महत्त्वपूर्णः**

लामो समय रहने दुखाइ र रोगको चिन्ताले बिरामीलाई शरीरमामात्र होइन, मनमा पनि असर पार्छ । निराशा लाग्ने, रिस उठ्ने, निद्रा नलाग्ने वा आत्मविश्वास घट्ने हुनसक्छ । काम गर्न नसक्दा घरमा आर्थिक र भावनात्मक तनाव पनि आउँछ । यस्तो बेला परिवारले बिरामीलाई दोष दिनु हुँदैन । किन यस्तो भयो, तिमीले ध्यान दिएनौं भन्नुको सट्टा साथ दिने, बुझाउने र आशा जगाउनेजस्ता सकारात्मक भाव जागृत गराउनुपर्छ । यसले उपचारमा निकै सहयोग पुग्दछ ।

### नेपालमा कहाँ उपचार पाइन्छ ?

बाथ र रक्तनलीको रोग हेर्ने विशेषज्ञ डाक्टरलाई रुमाटोलोजिस्ट (बाथरोग विशेषज्ञ) भनिन्छ । नेपालमा यस्ता विशेषज्ञ निकै थोरै छन्, र अधिकांश काठमाडौंमै छन् । सरकारी अस्पतालमध्ये पाटन अस्पताल र त्रिवि शिक्षण अस्पतालमा यो सेवा उपलब्ध छ । लक्षण मिल्दा सामान्य डाक्टरले पनि सुरुमा हेरेर विशेषज्ञकहाँ पठाउन सक्छन् ।

### घरमा ध्यान दिने केही कुरा

**हल्का व्यायामः** बिहान हिँड्ने, हल्का योग र सास फेर्ने अभ्यास (प्राणायाम) ले शरीर सक्रिय राख्छ । तर डाक्टरको सल्लाहअनुसार मात्र गर्नुपर्छ ।

राम्रो खानाः ताजा, पोषणयुक्त खाना खानुपर्छ । धेरै चिल्लो, धेरै नुनिलो र फास्टफुड खाना खानु हुँदैन ।

**अन्धविश्वासमा नपर्नुः** धेरै बिरामी सुरुमा झारफुक वा घरेलु उपचारमामात्र अल्झेर रोग गम्भीर भएपछि बल्ल अस्पताल आउँछन् । त्यतिबेलासम्म भित्री अंग बिग्रिसकेका हुनसक्छ । लक्षण देखिनासाथ डाक्टरलाई देखाइहाल्नुपर्छ ।

**नियमित जाँच (फलोअप):** डाक्टरले भनेको समयमा गई रगत, मिर्गौला र कलेजोको जाँच गराउनुपर्छ र औषधि आफैं बदल्नु हुँदैन ।

### निष्कर्ष

रक्तनलीको सुजन (भास्कुलाइटिस) सुन्दा डरलाग्दो भए पनि निराश हुनु पर्दैन । समयमै चिनेर, विशेषज्ञलाई देखाएर र नियमित उपचार गरे यो रोगलाई राम्ररी सम्हाल्न सकिन्छ । आफैं पेनकिलर खाएर रोग लुकाउनुको सट्टा सही समयमा सही ठाउँमा उपचार लिनुपर्छ । त्यही नै सबैभन्दा बुद्धिमानी कदम हो । *रासस*

*(लेखक पाटन अस्पतालका नसारोग विशेषज्ञ हुन्)*

### पाठक मञ्च

## औपचारिकतामा सीमित नहोस् कांग्रेसको छाया सरकार

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले 'छाया सरकार' गठन गरेको समाचारले केही आशा र थुप्रै जिज्ञासाहरू उब्जाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारका कामकारबाहीलाई सूक्ष्म रूपमा निगरानी गर्न र जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्न कांग्रेसले गठन गरेको १८ सदस्यीय छाया मन्त्रिपरिषद्को अभ्यास संसदीय लोकतन्त्रको सुदृढीकरणका लागि सिद्धान्ततः एउटा सकारात्मक कदम हो ।

बेलायती वेस्टमिन्स्टर प्रणालीमा छाया सरकारलाई वैकल्पिक सरकारका रूपमा हेरिन्छ । यसको मूल मर्म भनेको सरकारका गल्ती-कमजोरी औंल्याउनेमात्र नभई, देशका अगाडि आइपर्ने हरेक संकटमा 'हामीसँग योभन्दा उत्तम विकल्प र नीति छ' भनेर जनतालाई ढाडस दिनु हो । नेपालको सन्दर्भमा वि.सं. २०४८ मा तत्कालीन प्रमुख प्रतिपक्षी नेकपा एमालेले मनमोहन अधिकारीको नेतृत्वमा र पछि २०७६ सालमा कांग्रेसकै तत्कालीन सभापति शेरबहादुर देउवाको नेतृत्वमा छाया सरकार गठन नभएका होइनन् । तर विगतका ती अभ्यासहरू केवल प्रचारमुखी र औपचारिकतामा मात्र सीमित रहे । मन्त्रालयगत विषयमा न त छाया मन्त्रीहरूले सदनमा बलियो हस्तक्षेप गर्न सके, न त सरकारलाई नीतिगत रूपमा दबाब नै दिन सके । फलस्वरूप, ती छाया सरकारहरू छायाजस्तै ओझेल परे ।

यसपटक गगन थापाको नेतृत्वमा कांग्रेसले भीष्मराज आङ्देम्बेलाई छाया प्रधानमन्त्री बनाएर जुन नयाँ टोली अघि सारेको छ, यसले विगतको अकर्मण्यतालाई चिर्नु आवश्यक छ । वर्तमान सरकार अर्थतन्त्रको सुस्तता, युवा पलायन, सुशासनको संकट र सार्वजनिक सेवा प्रवाहमा देखिएका अलमलसँग जुधिरहेको छ । यस्तो संवेदनशील समयमा गठन भएका छाया गृहमन्त्री, अर्थमन्त्री वा शिक्षामन्त्रीहरूले सम्बन्धित मन्त्रालयका हरेक निर्णय, बजेटको विनियोजन, र विधेयकहरूमाथि सूक्ष्म अध्ययन गरेर संसद्मा छाया बजेट र वैकल्पिक नीतिहरू प्रस्तुत गर्न सक्नुपर्छ ।

यदि छाया सरकारका मन्त्रीहरूले पनि परम्परागत शैलीमै वक्तव्यबाजीमात्र गर्ने र दलीय स्वार्थमा अल्झिने हो भने यो अभ्यासको औचित्य फेरि समाप्त हुने छ । कांग्रेसले यसलाई कर्मकाण्डी प्रक्रियामात्र नबनाई राष्ट्रिय मुद्दाहरूमा छाया मन्त्रीहरूलाई पूर्ण जवाफदेही बनाउनुपर्छ । रास्वपा नेतृत्वको सरकारलाई सही बाटोमा हिँडाउन र नागरिकका आवाजलाई संसद्मा प्रखर रूपमा उठाउन यो छाया सरकारले 'सदनको पहरेदार' को रूपमा काम गरोस् । यो अभ्यास केवल सत्ताको प्रतीक्षा सूचीमात्र नभई, नेपाली राजनीतिमा नीतिगत बहसको नयाँ संस्कार बसाल्ने कडी बनोस् भन्ने कामना गर्दछु ।

- **एकराज बस्नेत**
जोरपाटी, काठमाडौं

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# विश्व सम्पदा सूचीको पर्खाइमा दैलेखका देवल



■ नवीन रिजाल

**दैलेख–** झण्डै १८ वर्षअघि अर्थात् सन् २००८ मा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को)ले दैलेखको ऐतिहासिक एवं पुरातात्त्विक महत्त्वको पञ्चदेवललाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि सिफारिस गर्‍यो । त्यो सिफारिसले दैलेखी जनता र समग्र कर्णालीवासीमा एउटा ठूलो आशा जगाएको थियो, दैलेखको इतिहासले अब विश्व मञ्चमा विशिष्ट पहिचान पाउने छ । तर, विगतमा सरकारी उदासीनता र कछुवा गतिको कार्यशैलीका कारण त्यो ऐतिहासिक सिफारिस लामो समयसम्म सिंहदरबारका अमुक फाइलमै थन्किरहयो ।

अन्ततः १८ वर्ष लामो प्रतीक्षा र निराशापछि पुरातात्त्विक महत्त्वको यस पञ्चदेवललाई 'संरक्षित स्मारक क्षेत्र' बनाउने र विश्व सम्पदा सूचीको यात्रामा अगाडि बढाउने महाअभियानले वर्तमान सरकार गठनपछि भने प्रारम्भिक गति लिएको छ । पुरातत्त्व विभागले यस ऐतिहासिक सम्पदालाई विश्व सम्पदा सूचीमा पुर्‍याउनका लागि स्थलगत कार्य र सरोकारवालाहरूसँगको समन्वय प्रक्रिया अगाडि बढाएसँगै स्थानीयमा नयाँ उत्साह र आशाको सञ्चार भएको छ ।

दैलेख जिल्ला आफैंमा इतिहासको एउटा सजीव संग्रहालय हो, जसलाई इतिहासका पानाहरूमा 'देवलहरूको जिल्ला' भनेर चिनिन्छ । यहाँ देवलहरू नभएको सायदै कुनै पालिका, वडा वा टोल होला । जिल्लाका कुना-काप्चा, डाँडा-काँडा र बस्तीहरूमा इतिहासको जीवन्त भारी आफ्नो छातीमा बोकेर हजारौं वर्षदेखि यी देवलहरू ठिंग उभिएका छन् । ११औं देखि १४औं शताब्दीतिर कलात्मक ढुंगैढुंगामात्रै खियाएर, विनाकुनै मसला निर्माण गरिएका यी देवलहरू दैलेखका विभिन्न स्थानमा छरिएर रहेका छन् ।

इतिहास र संस्कृतिका अध्येता प्राध्यापक नरेन्द्र आचार्यका अनुसार यी देवलहरू पाण्डवहरूको पालामा निर्माण गरिएको भन्ने बलियो लोकबुझाइ र जनश्रुति आज पनि स्थानीय जनमानसमा उत्तिकै ताजा छ । वास्तुकलाको दृष्टिकोणले हेर्ने हो भने शिखर शैलीमा निर्माण गरिएका यी देवलहरू तत्कालीन खसकालीन वास्तुकला र सिञ्जा सभ्यताका जीवित इतिहास हुन्, जसले नेपालको प्राचीन गौरव र समृद्ध शिल्पकारितालाई दर्शाउँछन् ।

गौरवमय इतिहासको यति ठूलो भारी बोकेका दैलेखका हजारौं देवलहरू आज अस्तित्व रक्षाका लागि छटपटाइरहेका छन् र तिनले राज्यसँग संरक्षणको भीख मागिरहेझैं लाग्दछ । उचित रेखदेख र मर्मत-सम्भारको अभावमा यी अमूल्य निधिहरू दिनानुदिन जीर्ण बन्दै गइरहेका छन् । यसको एउटा टड्कारो र ताजा उदाहरण नारायण नगरपालिका-६ भूर्तिको पञ्चदेवल क्षेत्र नै हो । विगतमा २५ वटा देवलहरूको बलियो अस्तित्व रहेको यस क्षेत्रमा हाल २२ वटा देवलमात्रै जेनतेन उभिएर आफ्नो अस्तित्वको अन्तिम लडाइँ लडिरहेका छन् भने बाँकी तीनवटा देवल पूर्णरूपमा भग्नावशेषमा परिणत भइसकेका छन् ।

स्थानीय बासिन्दाका अनुसार यो ऐतिहासिकस्थल हेर्न दैनिकरूपमा सयौं आन्तरिक तथा बाहृय पर्यटकहरू आउने गरेका छन् । पर्यटकीय सम्भावना प्रचुर भएता पनि भौतिक पूर्वाधारको अवस्था भने दयनीय छ । देवलको वरिपरि गरिएका घेराबारहरू भत्किएका छन् भने कतिपय बहुमूल्य ऐतिहासिक ढुंगाहरू यत्रतत्र फालिएको अवस्थामा भेटिन्छन् । यसले स्थानीय बासिन्दामा पनि यो सम्पदाको मूल्य र यसको संरक्षण कसरी गर्ने भन्नेबारे सचेतना र अभिमुखीकरणको टड्कारो आवश्यकता रहेको देखाउँछ ।

लामो समयको मौनतापछि पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानांग नेतृत्वको टोली दैलेखको भूर्तिको स्थलगत अवलोकनका लागि आइपुग्दा भने केही आशा पलाएको छ । टोलीले त्यहाँ रहेका ऐतिहासिक देवलहरूको प्रत्यक्ष निरीक्षणमात्र गरेन, स्थानीय सरकार, जिल्ला प्रशासन, सुरक्षा निकाय, सरोकारवाला र स्थानीय जानकारहरूसँग सम्पदाको थप संरक्षण र प्रवर्द्धनबारे बृहत् अन्तरक्रियासमेत गर्‍यो ।

अवलोकनका क्रममा महानिर्देशक प्रधानांगले भूर्तिका देवलहरू नेपालकै महत्त्वपूर्ण सम्पदाहरूमध्ये पहिलो सूचीमा पर्ने र एकै ठाउँमा फरक-फरक प्रकृति र स्वरूपमा बनेका यी देवलहरू हजारौं वर्षदेखि सुरक्षित रहनु आफैंमा अनौठो र गौरवपूर्ण कुरा भएको बताए । उनले पहिलो चरणको छलफल सकिएको जानकारी दिँदै अब यस क्षेत्रलाई 'संरक्षित स्मारक क्षेत्र' निर्धारण गर्न तीनवटै तहका सरकारसँग समन्वय गरी विस्तृत अध्ययन, नक्सांकन र संरक्षणका कार्यहरू निरन्तर अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

यद्यपि, केन्द्रीय नीति र स्थानीय तहको व्यावहारिक धरातलबीच अझै पनि केही असमझदारी र आक्रोश बाँकी नै छ । नारायण नगरपालिकाका नगरप्रमुख लोमन शर्माले सम्पदा संरक्षणमा स्थानीय सरकार पूर्ण सजग रहेको र पालिकाले पञ्चदेवलको थप संरक्षण र विकासका लागि आफ्नै स्रोतबाट जग्गा खरिद गरेर अभियानको थालनी गरिसकेको बताए । तर, केन्द्रीय नीतिका कारण स्थानीय सरकारले हातखुट्टा बाँधिएको महसुस गरेको उनको दुखेसो छ ।

ऐतिहासिक सम्पदाको मुख्य संरक्षण र पुनर्निर्माण गर्ने कानुनी जिम्मा संघीय सरकारको भए पनि संघले समयमा ध्यान नदिँदा हरेकपटक स्थानीय सरकारले जनताको गाली खानुपर्ने अवस्था सिर्जना भएको उनको भनाइ छ । ढिलै भए पनि विभागले धेरै वर्षपछि यो अभियान थालेकोमा खुसी व्यक्त गर्दै उनले यसमा स्थानीय सरकारको पूर्ण सहयोग रहने स्पष्ट पारे । नारायण नगरपालिका-६ का वडाध्यक्ष जनक न्यौपानेले पनि स्थानीय बासिन्दामा सम्पदा संरक्षणबारे सचेतना जगाउनु आवश्यक रहेको औंल्याउँदै वडाको तर्फबाट आवश्यक पर्ने सम्पूर्ण प्रशासनिक र व्यावहारिक सहयोग गर्न तयार रहेको प्रतिबद्धता जनाए ।

सम्पदा र पर्यटनको क्षेत्रमा लामो समयदेखि आवाज उठाउँदै आएका जानकार नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश समितिका अध्यक्ष विष्णु शर्माले भने संघ सरकारको केन्द्रीकृत मानसिकताका कारण समग्र कर्णालीकै इतिहास मेटिने अवस्थामा पुगेकोप्रति कडा गुनासो गरे । उनका अनुसार समग्र कर्णाली प्रदेश नेपालीका ७८ वटा थरको उद्गम थलो हो, जसमध्ये दैलेखमामात्रै ३२ वटा थरको थलो भएको इतिहास प्रमाणित छ । जिल्लाभरि ११५ भन्दा बढी ऐतिहासिक देवल समूह र एक हजारभन्दा बढी मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरू भएर पनि तीनवटै तहका सरकारबाट उचित संरक्षण, खोज, अध्ययन, अनुसन्धान र प्रचारप्रसार हुन नसक्नु दुःखद रहेको उनको तर्क छ ।

यसै सन्दर्भमा पुरातत्त्व विभागका सम्पदा अधिकृत देवेन्द्र भट्टराईले भने अब दैलेखको पञ्चदेवललाई विभागले विशेष प्राथमिकतामा राखेर कार्य प्रारम्भ गरेको दाबी गर्दै आगामी दिनमा कानुनको दायराभित्र रहेर स्थानीय तह र विभागले सँगसँगै चरणबद्ध रूपमा दैलेखका सबै सम्पदाको संरक्षण गर्ने योजना रहेको सुनाए । दैलेखका प्रमुख जिल्ला अधिकारी आनन्द सारुले दैलेखलाई 'सम्पदा संरक्षित क्षेत्र' बनाउनका लागि स्थानीय पालिकाले गर्नुपर्ने नीतिगत र कानुनी कामहरू छिटो-छरितो तरिकाले अगाडि बढाउनुपर्नेमा जोड दिए । उनका अनुसार आमनागरिकहरू सबै मिलेर दैलेखका सम्पदा संरक्षण गर्दै यस ऐतिहासिक भूमिलाई विश्वमा पहिचान गराउनु सबैको साझा दायित्व हो ।

पञ्चदेवल केवल दैलेख वा कर्णालीकोमात्र नभई सिंगो नेपालकै गौरव र प्रतिष्ठाको विषय हो । राज्यका निकायहरू सक्रिय हुँदै गर्दा आमनागरिकले आफ्ना घर आँगनमा रहेका यी अमूल्य र ऐतिहासिक देवलहरूको संरक्षणमा हातेमालो गर्नु आवश्यक छ । झण्डै १८ वर्षपछि ब्युँतिएको यो महाअभियानले साकार रूप पाएमा दैलेखको पञ्चदेवल विश्व सम्पदा सूचीमा अंकित हुनेमात्र होइन, यसले नेपालको पर्यटन र प्राचीन इतिहासलाई विश्वभर चम्काउने निश्चित छ ।

पौराणिककालमा दधिचि महर्षिले तपस्या गरी बसेको स्थान हुनाले उनको नामबाट 'दधिलेक' नाम रहन गएको र पछि अपभ्रंस हुँदै दधिलेकबाट दैलेख नाम रहन गएको एकथरिको भनाइ छ भने कसैले यो क्षेत्र देवताहरूको निवासस्थान भएकोले यसलाई देवलोक भनिन्थ्यो । पछि अपभ्रंस हुँदै दैलेख नामाकरण हुन गएको भन्ने गर्दछन् । यहाँ प्रशस्त मात्रामा दही-दूध पाइने भएकाले 'दहीलेक' भनिँदै गएर पछि दैलेख नाम रहन गएको पनि भन्ने गरिन्छ । दैलेख जिल्ला बाइसे चौबिसे राज्यकालमा खस राज्यको शीतकालीन राजधानीको रूपमा परिचित दुल्लु र बेलासपुर राज्यमा विभाजित थियो । प्राचीन र मध्यकालमा दुई राज्यमा विभाजित यस जिल्लालाई शाहकालीन नेपालको पुनःएकीकरण अभियानमा बहादुर शाहले सन् १७८९ तिर नेपालमा गाभेको तथ्य ऐतिहासिक वर्णनहरूमा पाइन्छ । *रासस*



**पदमार्ग सफाइ** | मनाङको नासो गाउँपालिका ६ र ७ अन्तर्गत मनास्लु पदमार्गमा लार्के पासदेखि तिल्चे धारापानीसम्म फालिएका फोहोरलाई संकलन गरी व्यवस्थापन गर्दै तिल्चे, गुवा र भिमथाङका पर्यटन व्यवसायी । *तस्बिरः रासस*

# सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थ बिक्री र सेवन रोक्न निर्देशन

**काभ्रेपलाञ्चोक (प्रस)–** सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थ बिक्री तथा सेवनमा रोक लगाउन काभ्रेपलाञ्चोकको स्थानीय तहलाई निर्देशन दिइएको छ । स्थानीय जनप्रतिनिधि सम्मिलित सोमबारको जिल्लास्तरीय विपद् व्यवस्थापन समितिको बैठकमा त्यससम्बन्धी नेपाल सरकारको कानुनी व्यवस्था कडाइका साथ लागू गर्न उक्त निर्देशन दिइएको हो ।

समितिले स्थानीय तहलाई आफ्नो क्षेत्रभित्रका सार्वजनिकस्थलको तत्काले अनुगमन गरी तोकिएको स्थानभन्दा १०० मिटर वरिपरि सुर्तीजन्य पदार्थको बिक्री तथा सेवन बन्द गराउन भनेको हो । तोकिएको स्थानमा सुर्तीजन्य पदार्थको बिक्री तथा सेवन बन्द गराउने कार्य कडाइका साथ लागू गर्न जिल्लास्थित १३ वटै स्थानीय तहलाई निर्देशन दिइएको प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले बताए ।

अधिकारीका अनुसार शिक्षण संस्था, स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय तथा नेपाल सरकारले तोकेका सार्वजनिकस्थलको वरिपरि सुर्तीजन्य पदार्थ बिक्री-वितरण गर्न नपाइने कानुनी व्यवस्था रहेको छ । जिल्ला प्रशासन कार्यालयले स्थानीय तहलाई त्यससम्बन्धी कानुनी व्यवस्थालाई कडाइका साथ लागू गर्न पत्राचारसमेत गरिसकेको प्रजिअ अधिकारीको भनाइ छ ।

जिल्लाको बेथानचोक गाउँपालिकाले सार्वजनिकस्थल वरिपरि सुर्तीजन्य पदार्थको बिक्री-वितरण र प्रयोगमा कडाइ गर्ने भएको छ । गाउँपालिकाद्वारा जारी सार्वजनिक सूचनामा सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी कानुनी व्यवस्था कडाइका साथ कार्यान्वयन गरिने जनाइएको छ । यस्तै जिल्ला प्रशासन कार्यालय धुलिखेलबाट प्राप्त परिपत्रका आधारमा उक्त निर्णय कार्यान्वयनमा ल्याउन लागिएको सूचनामा उल्लेख गरिएको छ ।

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सम्पूर्ण सार्वजनिक तथा संवेदनशील क्षेत्रमा सुर्तीजन्य पदार्थ बिक्री-वितरण र प्रयोग नगर्न व्यापारी, व्यवसायी तथा सर्वसाधारणलाई अनुरोध गर्दै सूचनाको अवज्ञा गर्नेलाई प्रचलित कानुनअनुसार कारबाही गरिने सूचनामा भनिएको छ ।

# रौतहटमा विद्यालयको भवन शिलान्यास

**रौतहट (प्रस)–** जिल्लाको राजदेवी नगरपालिका-४ मा रहेको श्री प्राथमिक विद्यालयको विद्यालय तथा पुस्तकालय भवन बन्ने भएको छ । उक्त भवनको मंगलबार वीरगञ्जस्थित भारतीय महावाणिज्यदूतावासका महावाणिज्यदूत देवीसहाय मीना र राजदेवी नगरपालिकाका मेयर भिखारीप्रसाद यादवले संयुक्तरूपमा शिलान्यास गरे ।

विद्यालय भवन निर्माणका लागि भारत सरकारले दुई करोड ८४ लाख रूपैयाँ आर्थिक सहयोग गर्ने जानकारी दिइएको छ । उक्त नयाँ पूर्वाधारमा भर्‍याङसहितको दुईतले भवन, आठ कक्षा कोठा, छात्र र छात्राहरूका लागि शौचालय, सेप्टिक ट्यांकी, सोक पिट, ट्युबवेल, सरसफाइ, विद्युतीय कार्य र अन्य सम्बद्ध सुविधाहरू हुने छन् ।

यो परियोजना उच्च प्रभाव सामुदायिक विकास परियोजनाअन्तर्गत सुरु गरिएको कार्यक्रममा जानकारी दिइयो । परियोजना राजदेवी नगरपालिकामार्फत कार्यान्वयन गरिने भएको छ । नगरपालिकाका मेयर, विद्यालय व्यवस्थापन समिति र अन्य सरोकारवालाहरूले भारत सरकारले प्रदान गरिरहेको विकासात्मक सहयोगको प्रशंसा गरे । नजिकका छिमेकी र विकास साझेदारको रूपमा भारत र नेपालबीच विभिन्न क्षेत्रहरूमा व्यापक र बहुक्षेत्रीय सहयोगमा रहँदै आएको मेयर यादवले बताए ।


**गौतम समाजको ३५ दिने सार्वजनिक सूचना ।**

यस गौतम समाज संस्थाको साधारण सभा तपसिल बमोजिम मिति, समय र स्थानमा हुने भएकोले यस संस्थाका सम्पुर्ण सदस्यहरूमा उपस्थितीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल
**मिति :** २०८३ असार २४ गते बुधबार
**समय :** बिहान ८:१५ बजे
**स्थान :** धन्यवाद पार्टिप्यालेस, बानेश्वर, काठमाडौं

गोमा गौतम
का.वा. महा-सचिव
गौतम समाज, केन्द्रीय कार्यालय, काठमाडौं

**बीमा अभिलेख प्रमाणपत्र हरायो**

मिति २०८३/०२/०५ गते पेप्सीकोलादेखि बालकुमारीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Tara Khatri
बिमालेख नं.: 100115497
कम्पनी : Life Insurance Corporation (Nepal) Ltd.
ठेगाना : Banjhakateri-2, Gulmi, Nepal
सम्पर्क नं : 9823019323/9851411516

**माइग्रेसन हराएको सूचना**

मिति २०८२/०३/०७ गते भक्तपुर जिल्ला, गठ्ठाघरदेखि लोकन्थली जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परिक्षा बोर्डबाट जारी भएको (+2) तहको माईग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : योगेश गिरी
रजिस्ट्रेसन.नं.: ७५७७५७३२५
सिम्बोल नं.: ६८१८८३
ठेगाना : धनगढी- ०८, कैलाली
सम्पर्कः : ९८२३०४००२८



**युएइमा रोजगार**

कम्पनी : RAMLAT AL BATIN GENERAL CLEANING @ MAINTENANCE- LLC

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१९ | LT. No. 339485 | चलानी नं. ६०२५२९४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 45 | 0 | 1000 | ४१,४२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners | 56 | 0 | 1000 | ४१,४२० | | | | | | | |
| 3 | Telephone Cable Installation Assistant/ Helper | 5 | 0 | 1000 | ४१,४२० | | | | | | | |

कम्पनी : HYPERSEAL INSULATION CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१९ | LT. No. 329315 | चलानी नं. ६०२४३१५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bricklayer/ Mason | 19 | 0 | 1500 | ६२,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Carpenter | 30 | 0 | 1500 | ६२,१३० | | | | | | | |
| 3 | Concrete Mason | 9 | 0 | 1500 | ६२,१३० | | | | | | | |
| 4 | Foreman | 4 | 0 | 1800 | ७४,५५५ | | | | | | | |
| 5 | Steel Worker | 12 | 0 | 1500 | ६२,१३० | | | | | | | |
| 6 | Technicians-waterproof | 14 | 0 | 1500 | ६२,१३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २७ गते (10th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४
EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com



**साउदीमा रोजगार**

कम्पनी : LATHES SAADI SAAD HARBI METAL FORMING | शहर : Dammam

पूर्व स्वीकृति मिति : २०८२/०९/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१९ | LT. No. 336806 | चलानी नं. ६०२५०४०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 1 | 0 | 1000 | ४०,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २७ गते (10th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Rajendra Ghimire 9865502308, Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७



**कुवेतमा रोजगार**

कम्पनी : MOMENTITO CAFE

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१९ | LT. No. 318317 | चलानी नं. ६०२३२६२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 0 | 3 | 120 | ५९,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २७ गते (10th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1559/079/80
FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530,
Roshan Raj Mishra 9808655324, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np


# बागमती सरकारको नीति तथा कार्यक्रम पारित

**मकवानपुर (प्रस)–** बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम बहुमतले पारित भएको छ । मंगलबार बसेको प्रदेशसभा बैठकमा सरकारको नीति तथा कार्यक्रममाथि परेको संशोधनको प्रस्ताव बहुमतले अस्वीकृत गरेको थियो ।

प्रदेशसभा सदस्यहरू रत्नप्रसाद ढकाल, लक्ष्मी घिमिरे, सुष्मा भुजेल न्यौपाने र युवराज चौलागाईंले वार्षिक नीति तथा कार्यक्रमलाई थप संशोधन गर्न आवश्यक भएको भन्दै छुट्टाछुट्टै प्रस्तावहरू पेस गरेका थिए । ती प्रस्तावहरू बहुमतले अस्वीकृत गरेको थियो ।

मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेशसभाको सोमबार बसेको बैठकमा प्रदेश सरकारको आव २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रममाथि छलफलको प्रारम्भ गरियोस् भनी प्रस्ताव पेस गरेका थिए । प्रदेशसभाको मंगलबारको बैठकमा सरकारको नीति तथा कार्यक्रममाथि प्रदेशसभाका सदस्यहरूले छलफलमा उठाएका प्रश्नहरूको जवाफ दिँदै मुख्यमन्त्री बानियाँले नीति तथा कार्यक्रमका आधारमा आगामी असार १ गते ल्याइने बजेट समानुपातिक, निष्पक्ष पारदर्शी र जनमुखी हुने बताए ।

दुई दिनसम्म चलेको छलफलमा ६४ जना प्रदेशसभा सदस्यहरूले भाग लिएका थिए ।

# प्रभाव दैनिक





### पल र जुरेली अभिनित 'कुरो बुझेसी' सार्वजनिक

गायक तथा संगीतकार आशिष अविरल र गायिका मेलिना राईको स्वरमा सजिएको नयाँ नेपाली गीत 'कुरो बुझेसी' सार्वजनिक भएको छ। यो गीतलाई सुन्दर हमालले लेखेका हुन् भने संगीत, एरेन्ज, मिक्सिङ र मास्टरिङको सम्पूर्ण काम स्वयम् आशिष अविरलले गरेका हुन्। गीतको रेकर्डिङ राग एन्ड आरएल स्टुडियो (युएसए) तथा एमडी बाल्टिमोरमा गरिएको हो। गीतको भिडियोमा अभिनेता पल शाह र मोडल अस्मिता जुरेलीको मुख्य अभिनय रहेको छ। पल शाह र मोडल अस्मिताको डान्सलाई दर्शकले रूचाएका छन्। निकै आकर्षक देखिएको यो जोडीको केमेष्ट्रि पनि मिलेको छ। लभस्टोरी गीतमा एकअर्कोले कुरो बुझेपछिको अवस्थालाई गीतका भावले व्यस्त गरेका छन्।





# अवार्ड विजेता ६ चिनियाँ फिल्मको नेपाल प्रदर्शन सुरु



■ प्रभाव संवाददाता

**काठमाडौं–** बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा उत्कृष्ट घोषित भएका ६ चिनियाँ फिल्महरूको प्रदर्शन कार्यक्रम काठमाडौंमा मंगलबारबाट सुरु भएको छ।

बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सव प्रवर्द्धन कार्यक्रम 'टियानतान अवार्ड प्यानोरामा' अन्तर्गतको यस कार्यक्रम सागर झान निर्देशित चलचित्र 'ट्र्याप्ड' प्रदर्शनसँगै सुरु भएको हो।

चीन चलचित्र प्रशासन र बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सवले नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानसँग सहकार्य गरेर कार्यक्रम गरेको हो।

ठमेलस्थित छाया सेन्टरमा आयोजित उद्घाटन कार्यक्रममा प्रमुख अतिथि नेपालका लागि चिनियाँ दूतावासका मिनिस्टर काउन्सिलर चउ पान, विशेष अतिथिहरू नेपालका लागि ब्राजिलका कार्यवाहक राजदूत सर्जियो काउटो, नेपालका वरिष्ठ निर्देशक तुलसी घिमिरे अतिथिहरू नेपालका कलाकार संघका अध्यक्ष उत्तम केसी, निर्देशक समाजका अध्यक्ष अरुण प्रधान, नेपाल चलचित्र संघका अध्यक्ष नरेन्द्र महर्जन, नायक प्रमोद अग्रहरीलगायत अन्य चलचित्रकर्मीको बाक्लो उपस्थिति थियो।

कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष पाठकले स्वागत मन्तव्य राख्दै यस प्रकारका कार्यक्रमले नेपाल र चीनबीचको मैत्री सम्बन्ध थप प्रगाढ हुने विश्वास राखे। चीनमा नेपाली फिल्म वितरण र प्रदर्शनको पक्षमा सहयोग पुग्ने उनको अपेक्षा छ। मिनिस्टर काउन्सिलर पानले चलचित्र मनोरञ्जनको साधन मात्रै नभएको जिकीर गर्दै भने, 'चलचित्रले सामाजिक, राजनीतिक र सामाजिक परिवेश बुझ्न सहयोग गर्छ। यसले दुई देशको सम्बन्धमा थप निकटता ल्याउँछ। यस्ता कार्यक्रमको उद्देश्य नै यही हो।'

यस्ता कार्यक्रमले दुई देशका चलचित्रकर्मीबीच व्यवसायिक सहकार्यको बाटो खुलाउने उनले धारणा व्यक्त गरे। निर्देशक घिमिरेले चिनियाँ बजारमा नेपाली फिल्म प्रदर्शन र वितरणमा सहयोग र सहकार्यको आवश्यक रहेको बताउँदै सहजीकरणका लागि आग्रह गरे। कार्यक्रमको पहिलो फिल्म 'ट्र्याप्ड' प्रदर्शन पश्चात निर्देशक झानसँग दर्शक र पत्रकारहरूले अन्तरक्रियासमेत गरे।

निर्देशक झानले आफ्नो किशोर अवस्थाको कालखण्डमा आफूले देखेको र सम्झना रहेको परिदृश्यलाई उतार्न यो फिल्म बनाएको बताए। उनले भने, 'त्यो समयमा मैले देखेको र सम्झना भएको विषयहरूलाई फिल्ममा उतारेको छु। तथापि, यो फिल्मको कथा पूर्ण काल्पनिक हो।'

एक दर्शकले ग्रामिण कथाहरूले प्राथमिकता पाइरहेको नेपाली बजारमा क्राइम थ्रिल्लर जनराको कथा ल्याउनुको उद्देश्यबारे प्रश्न गरेका थिए।

निर्देशक झानले जवाफ दिए, 'नेपाली चलचित्रकर्मी पनि मेरा साथीहरू छन्। नेपाली दर्शकले मन पराउने फिल्मको जनराबारे म केही हदसम्म जानकार छु। यो नेपाली दर्शकका लागि फरक स्वाद होइन।'

एक चिनियाँ दर्शकले आफ्नो भाषाको फिल्म विदेशमा हेर्न पाएकामा खुसी व्यक्ति गरिन्। फिल्मले नेपाली दर्शकबाट पनि सकारात्मक प्रतिक्रिया पाएको छ।

काठमाडौंस्थित चिनियाँ सास्कृतिक केन्द्रसहित त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय र लुम्बिनी बुद्धिस्टका कन्फुसियस इन्स्टिच्युटहरूको पनि सहयोग रहेको यस कार्यक्रम ठमेलस्थित छाया सेन्टरमा बिहीबारसम्म जारी रहनेछ।

# 'आ बाट आमा २' को जापान राइट्स पनि बिक्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी बडादसैंको अवसर पारेर प्रदर्शनको तयारीमा रहेको बहुप्रतीक्षित नेपाली फिल्म 'आ बाट आमा २' को जापान वितरण अधिकार (डिष्ट्रिब्युसन राइट्स) बिक्री भएको छ।

निर्माण पक्षका अनुसार चलचित्रको जापान प्रदर्शन अधिकार आर एन्ड बी इन्टरटेनमेन्टले खरिद गरेको हो। यसअघि यो फिल्मको अमेरिका र क्यानडा राइट्स डोको फिल्म्सले महँगो रकममा खरिद गरिसकेको छ।

अमेरिका र क्यानडापछि जापानमा पनि प्रदर्शन अधिकार बेलैमा सुरक्षित हुनुले वैदेशिक बजारमा यस फिल्मप्रति वितरक र दर्शकको उत्साह उच्च रहेको देखिन्छ।

गत वर्ष प्रदर्शनमा आएको फिल्म 'आ बाट आमा' को सिक्वेलका रूपमा निर्माण हुन लागेको यस फिल्मको छायांकन हिजो सोमबारबाट मकवानपुरको चित्लाङबाट सुरु भइसकेको छ।

चित्लाङका अलावा विदेशमा समेत यो फिल्मको सुटिङ गर्ने सेड्युल रहेको निर्देशक चन्द्र पन्तले जानकारी दिएका छन्। आर्या इन्टरटेनमेन्ट प्रा.ली.को ब्यानरमा निर्माण भइरहेको यस चलचित्रको लेखन, पटकथा तथा निर्देशन चन्द्र पन्तले नै गर्दैछन् भने प्रोडक्सन म्यानेजर करणसिंह रसाली रहेका छन्। निर्माण पक्षको घोषणा अनुसार यो फिल्म आगामी असोज ३० गते (अक्टोबर १६) का दिन नेपालसहित विश्वभरका सिनेमाघरमा एकसाथ प्रदर्शनमा आउने तयारीमा छ।




फिल्मको मुख्य नारा "दशैंको जमरा र आमाको पर्खाइको कथा" राखिएको छ, जसले चलचित्र पारिवारिक र भावनात्मक कथावस्तुमा आधारित रहेको संकेत गर्छ।

यस चलचित्रमा पल शाह, मलिका महत, आकाश श्रेष्ठ, रिस्ता गुरुङ, निकिता आचार्य, सबिन श्रेष्ठ, विपना थापा, प्रदीप रावत, साइग्रेस पोखरेल, गजित बिष्ट र नरेन खड्काको मुख्य भूमिका रहने छ।

नेपालमा यस फिल्मको वितरण भने आरआर फिल्म्सले गर्दैछ भने डिजिटल अधिकार ओएसआरले लिएको छ।



# नेपाली पुरुष क्रिकेट टोली एसियन गेम्समा छनोट



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली पुरुष क्रिकेट टोली जापानमा हुने एसियन गेम्सका लागि छनोट भएको छ।

एसियन गेम्स छनोट अन्तर्गत मंगलबार भएको समूह 'ए' को खेलमा मलेसियाले चीनलाई पराजित गरेपछि मलेसियासँगै नेपाल पनि छनोट भएको हो।

७ टोली सहभागी छनोट प्रतियोगितालाई दुई समूहमा विभाजन गरिएको छ। हरेक समूहबाट शीर्ष २ टोली सेमिफाइनल प्रवेश गर्ने प्रावधान छ भने सेमिफाइनल पुग्ने चारवटै टोली एसियन गेम्समा पुग्छन्।

नेपालको समूहमा मलेसिया र चीन मात्र थिए। कतारले नाम फिर्ता लिएपछि नेपाल र मलेसियाले एक-एक खेल जित्ने बित्तिकै शीर्ष २ को टुंगो लागेको हो।

नेपालले आइतबार भएको खेलमा चीनलाई पराजित गरिसकेको थियो। अब नेपाल र मलेसिया बिहिबार समूहविजेता बन्नका लागि खेल्नेछन्। नेपाली महिला क्रिकेट टोली भने चीनसँग नै पराजित भएर छनोट हुन असफल भएको थियो।

# पोखराकप बास्केटबलको उपाधि म्याग्दीलाई

■ प्रभाव संवाददाता

**म्याग्दी–** दोस्रो पोखरा कप प्रदेशस्तरीय पुरुष बास्केटबल प्रतियोगिताको उपाधि म्याग्दीले जितेको छ। गण्डकी प्रदेश बास्केटबल सङ्घको आयोजनामा पोखरामा सोमबार सम्पन्न प्रतियोगितामा पर्वतलाई ७३ का विरुद्ध ८० स्कोर गर्दै म्याग्दी विजयी भएको हो।

विजेता र उपविजेताले शिल्ड, मेडल र प्रमाणपत्रसहित नगद रु ५० हजार र उपबिजेताले रु ३० हजर नगद पुरस्कार प्राप्त गरेका जिल्ला बास्केटबल संघ म्याग्दीका अध्यक्ष एकिन पुर्जाले जानकारी दिए।

दुई दिनसम्म सञ्चालन भएको प्रतियोगितामा म्याग्दी, पर्वत, कास्की, तनहुँ, लमजुङ जिल्ला बास्केटबल संघले सहभागिता जनाएका थिए। गण्डकी प्रदेशका शिक्षा, युवा तथा खेलकुदमन्त्री रेखा गुरुङ, संघका अध्यक्ष धोजकुमार गुरुङलगायतले पुरस्कार वितरण गरेका थिए।

**यु-१६ इन्टर-स्कुल क्रिकेट**

# डिएभी, ग्यालेक्सी र मोक्षदाको विजयी सुरुआत

■ प्रभाव संवाददाता

**काठमाडौं–** तेस्रो संस्करणको एसियन ई-लर्निङ 'जयकुमारनाथ शाह स्मृति' यु-१६ इन्टर-स्कुल क्रिकेट प्रतियोगितामा डीएभी सुशील केडिया विश्व भारती स्कुल, ग्यालेक्सी पब्लिक स्कुल र मोक्षदा स्कुलले विजयी सुरुआत गरेका छन्।

माथिल्लो मूलपानी क्रिकेट मैदानमा सम्पन्न खेलमा डीएभीले नेक्सस इन्टरनेसनल स्कुललाई १९३ रनको विशाल अन्तरले पराजित गर्‍यो। २४२ रनको कठिन लक्ष्य पछ्याएको नेक्सस १२.४ ओभरमा सबै विकेट गुमाउँदै ४८ रनमा समेटियो। उसका लागि शिवम शाहले अविजित ११ रन बनाए भने अन्य ब्याटरले उल्लेखनीय योगदान दिन सकेनन्।

डीएभीको जितमा केशव अग्रवाल र तनिष शाहले समान ३-३ विकेट लिए। कुन्जन आचार्यले २ विकेट हात पार्दा कमल शाही र प्रसिद्ध जैशीले समान १-१ विकेट लिए।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको डीएभीले निर्धारित २० ओभरमा २ विकेट गुमाएर २४१ रनको विशाल योगफल तयार गरेको थियो। टोलीका लागि कमल शाही ४८ बलमा ११ चौका र ३ छक्कासहित ९९ रनमा अविजित रहे।

आरुष झाले ५६ रन बनाए भने कप्तान प्रसिद्ध जैशीले २० बलमा ३ चौका र ३ छक्काको मद्दतमा ४० रनको आक्रामक इनिङ्स खेले।



यता, तल्लो मूलपानी क्रिकेट मैदानमा सम्पन्न अर्को खेलमा ग्यालेक्सी पब्लिक स्कुलले हिमालयन ह्वाइटहाउस आईबी वर्ल्ड स्कुललाई ९० रनले पराजित गर्‍यो।

ग्यालेक्सीले दिएको १४४ रनको लक्ष्य पछ्याएको ह्वाइटहाउस १६.१ ओभरमा सबै विकेट गुमाउँदै ५३ रनमा सीमित भयो। उसका लागि प्रशन्न जैशीले सर्वाधिक ११ रन बनाए भने अन्य कुनै पनि ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन्।

ग्यालेक्सीको जितमा मिङ्मा तामाङले ३ विकेट लिए भने स्वीकृत रिजालले २ विकेट हात पारे। यसअघि टस जितेर पहिले ब्याटिङ गरेको ग्यालेक्सीले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १४३ रन बनाएको थियो।

टोलीका लागि कप्तान स्वीकृत रिजालले सर्वाधिक ३३ रन बनाए। उनले ४० बलमा ३ चौका प्रहार गरे। खुसबेन्द्र साहले २७ रन योगदान गर्दा मिङ्मा तामाङले २० तथा अद्वोय घर्ती मगरले १९ रन जोडे। वैभव नारायण साह १५ रनमा अविजित रहे भने स्माइल लिंखा १ रनमा अविजित फर्किए। ग्यालेक्सीले अतिरिक्तबाट २७ रन प्राप्त गरेको थियो।

ह्वाइटहाउसका लागि मधुर पोखरेलले ३ ओभरमा १२ रन खर्चेर २ विकेट लिए। आयुष शाही, प्रशन्न जैशी, रोमन अधिकारी र दाइची खड्काले समान १-१ विकेट हात पारे।

त्यसैगरी, त्रिवि क्रिकेट मैदानमा सम्पन्न खेलमा गौतम कुमार पटेलको घातक बलिङमा मोक्षदा स्कुलले विज्डम इंग्लिस एकेडेमीलाई १२३ रनले पराजित गर्‍यो।

टस जितेर पहिले ब्याटिङ गरेको मोक्षदाले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १६४ रन बनाएको थियो। टोलीका लागि संश्रय श्रेष्ठले ५६ रनको अर्धशतकीय इनिङ्स खेले भने आरोन गिरीले ३६ रन योगदान दिए। यमुन केसीले १७ तथा चन्दन कुमार बेलदार चौहानले अविजित १२ रन जोडे।

विज्डमका लागि सुवास कुँवरले २ तथा सौरभ अधिकारीले १ विकेट लिए। १६५ रनको लक्ष्य पछ्याएको विज्डम ९.४ ओभरमै ४१ रनमा अलआउट भयो। साइमन लम्साल क्षेत्रीले अविजित ७ रन बनाउनु बाहेक अन्य ब्याटरले उल्लेखनीय प्रदर्शन गर्न सकेनन्।

मोक्षदाको जितमा गौतम कुमार पटेलले ४ ओभरमा केवल ४ रन खर्चेर ७ विकेट लिए। सौगत सेन्चुरी, यमुन केसी र सुयोग्य शाहले समान १-१ विकेट हात पारे। यो जितसँगै समूह 'ई' को मोक्षदा स्कुलले २ अंक जोड्दै क्वार्टरफाइनल प्रवेशको सम्भावना बलियो बनाएको छ।



संयुक्त राज्य अमेरिकाको भूगर्भीय सर्वेक्षणले सोमबार सार्वजनिक गरेको तस्बिरमा देखिएको किलाउआ ज्वालामुखीबाट निस्किएको लाभाका फोहोराहरू । *तस्बिरः एपी*

# संयुक्त राष्ट्रसंघ सुधारमा भारतको जोड

**न्युयोर्क–** भारतले संयुक्त राष्ट्रसंघको विकास प्रणालीमा हुने कुनै पनि सुधार प्रक्रियाले सदस्य राष्ट्रहरूको विकास प्राथमिकता, राष्ट्रिय स्वामित्व, पारदर्शिता र जवाफदेहितालाई केन्द्रमा राख्नुपर्ने स्पष्ट धारणा अघि सारेको छ । संयुक्त राष्ट्रसंघको विकास संरचनामाथि पुनर्विचार भइरहेका बेला भारतले विकास प्रयासको नेतृत्व सम्बन्धित देशहरूकै हातमा रहनुपर्नेमा जोड दिएको हो ।

संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद् (इकोसोक) मा सोमबार स्थानीय समयअनुसार भएको छलफलमा भारतले संयुक्त राष्ट्रसंघको विकास स्तम्भको मूल प्राथमिकता जोगाउनुका साथै विश्वव्यापी विकास अभियानको केन्द्रमा राष्ट्रिय स्वामित्व सुनिश्चित गरिनुपर्ने आवश्यकता उठाएको थियो ।

राष्ट्रसंघका लागि भारतका स्थायी प्रतिनिधि पर्वथानेनी हरिशले सामाजिक सञ्जाल एक्समार्फत आफूले संयुक्त राष्ट्रसंघका उपमहासचिव अमिना जे मोहम्मदसँग संवादमा भाग लिएको जानकारी दिए । अमिना संयुक्त राष्ट्रसंघ दिगो विकास समूहकी अध्यक्ष पनि हुन् ।

हरिशका अनुसार भारतले संयुक्त राष्ट्रसंघको विकास स्तम्भलाई कमजोर हुन नदिई त्यसको प्राथमिकता सुरक्षित राख्नुपर्ने विषयमा जोड दिएको थियो । साथै, विकाससँग सम्बन्धित सबै प्रयासहरू सम्बन्धित राष्ट्रहरूको आवश्यकता, प्राथमिकता र स्वामित्वमा आधारित हुनुपर्ने धारणा भारतले दोहोऱ्याएको उनले बताए ।

भारतले संयुक्त राष्ट्रसंघको आवासीय संयोजक प्रणालीमा भइरहेको सुधारसम्बन्धी बहस विकासशील देशहरूको आवश्यकता र राष्ट्रिय विकास एजेण्डालाई थप प्रभावकारी समर्थन गर्ने दिशामा केन्द्रित रहनुपर्नेमा पनि बल दिएको छ । 'आवासीय संयोजक प्रणालीको कुनै पनि पुनःसमायोजनले विकास स्तम्भअन्तर्गत रहेका देशहरूलाई उपलब्ध कार्यक्रमगत सहयोगलाई अझ मजबुत बनाउनु पर्छ,' हरिशले भने ।

संयुक्त राष्ट्रसंघ प्रणालीभित्रको शासन र कोष व्यवस्थासम्बन्धी विषयलाई पनि भारतले महत्त्वपूर्ण मुद्दाका रूपमा उठाएको छ । हरिशले आवासीय संयोजक प्रणालीको भावी संरचना, कोष परिचालन र शासन मोडेलबारे छलफल भइरहेका बेला पारदर्शिता, जवाफदेहिता तथा प्रणालीले पारेको विकासगत प्रभावको विस्तृत मूल्यांकन अपरिहार्य रहेकोमा जोड दिए ।

यसबीच, भारतले संयुक्त राष्ट्रसंघ शान्ति अभियानमा आफ्नो दीर्घकालीन योगदानलाई पनि पुनः स्मरण गरेको छ । मे ३० मा भारत र अस्ट्रियाका स्थायी मिसनले संयुक्त राष्ट्रसंघ शान्तिरक्षकहरूको अन्तर्राष्ट्रिय दिवस संयुक्तरूपमा आयोजना गर्दै संयुक्त राष्ट्रको झण्डामुनि सेवा गर्ने क्रममा ज्यान गुमाएका करिब चार हजार शान्तिरक्षकलाई सम्मान गरेका थिए । तीमध्ये १८४ जना भारतीय शान्तिरक्षक रहेका छन् ।

हरिशले एक्समा लेखेको सन्देशमा भारत र अस्ट्रियाको स्थायी मिसनले न्युयोर्कस्थित भारतको स्थायी नियोगमा गम्भीर स्मरण समारोहको सहआयोजना गरेको उल्लेख गरेका छन् । उनले संयुक्त राष्ट्रसंघको झण्डामुनि सर्वोच्च बलिदान दिने १८४ भारतीयसहित झण्डै चार हजार बहादुर शान्तिरक्षकप्रति सम्मान व्यक्त गरे ।

उनले विशेष रूपमा गत वर्ष शान्ति मिसनका क्रममा ज्यान गुमाएका ४५ जना वर्दीधारी शान्तिरक्षकलाई स्मरण गर्दै उनीहरूको साहस, कर्तव्यनिष्ठा र शान्तिप्रतिको समर्पण कहिल्यै नबिर्सिने बताए । संयुक्त राष्ट्रसंघमा भारतको स्थायी मिसनका अनुसार भारतले सन् १९४८ यता संयुक्त राष्ट्रसंघको विश्वसनीय साझेदारका रूपमा ५० भन्दा बढी शान्ति मिसनमा करिब तीन लाख सैनिक तैनाथ गरिसकेको छ । अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको रक्षाका क्रममा १८४ भारतीय शान्तिरक्षकले ज्यान गुमाएका छन् ।

यस अवसरमा भारतस्थित संयुक्त राष्ट्रसंघको कार्यालयले सन् २०२५ को 'मिलिटरी जेण्डर एडभोकेट अफ द इयर' पुरस्कार प्राप्तकर्ता मेजर अभिलाषा बराकलाई पनि सम्मान गरेको छ । उनी हाल लेबनानमा संयुक्त राष्ट्रसंघ अन्तरिम बलसँग आबद्ध भएर सेवा गरिरहेका छन् । *रासस/एएनआई*

# पश्चिमी दबाबबीच भारतको म्यान्मा नीति



**नयाँदिल्ली–** पश्चिमी देशहरूले म्यान्माको सैन्य नेतृत्वलाई अन्तर्राष्ट्रियरूपमा अलग्याउने प्रयास गरिरहेकै बेला भारतले भने सैन्य समर्थित प्रशासनसँगको संवाद र सहकार्यलाई निरन्तरता दिने स्पष्ट सन्देश दिएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले म्यान्माका सैन्य समर्थित राष्ट्रपति मिन आङ ह्लाइङसँग नयाँदिल्लीमा वार्ता गरेपछि भारतले 'संलग्नता नै व्यावहारिक विकल्प' भएको आफ्नो धारणा दोहोऱ्याएको हो ।

भारतीय विदेशसचिव विक्रम मिस्रीले पत्रकारहरूसँग कुरा गर्दै भारतको नीति म्यान्माको 'आन्तरिक राजनीतिक व्यवस्थामाथि टिप्पणी गर्ने उद्देश्यले निर्देशित नभएको' बताए । उनका अनुसार नयाँदिल्लीले म्यान्मासँग सम्बन्ध कायम राखेर अघि बढ्नु नै प्रभावकारी र उपयोगी उपाय हुने विश्वास राख्छ ।

सन् २०२१ मा म्यान्मा सेनाले सत्ता कब्जा गर्दै आङ सान सुकीको निर्वाचित सरकारलाई हटाएपछि अमेरिकालगायत पश्चिमी राष्ट्रहरूले त्यहाँको सैन्य नेतृत्वमाथि प्रतिबन्ध लगाएका थिए । त्यसयता विपक्षीमाथिको दमन, गृहद्वन्द्व र गम्भीर मानवीय संकटका कारण सैन्य नेतृत्व अन्तर ाष्ट्रिय आलोचनाको केन्द्रमा रहँदै आएको छ । यद्यपि भारतले भने छिमेकी मुलुकसँग संवाद तोड्नुभन्दा निरन्तर सम्पर्क राख्ने नीति अपनाएको छ ।

'निरन्तर वार्ता महत्त्वपूर्ण हुन्छ भन्ने सिद्धान्तमा हामी सधैं अघि बढेका छौं,' मिस्रीले भने । उनले म्यान्मालाई अलग्गै राख्ने रणनीतिले उल्टै प्रतिकूल परिणाम दिने तर्क गरे । 'इतिहासले देखाएको छ, सम्बन्ध विच्छेदले संलग्नताभन्दा राम्रो नतिजा दिएको छैन,' उनको भनाइ थियो ।

आलोचक र मानवअधिकारकर्मीहरूले मिन आङ ह्लाइङको भारत भ्रमणले म्यान्माको सैन्य समर्थित प्रशासनलाई अन्तर्राष्ट्रिय वैधानिकता दिलाउने जोखिम बढाउन सक्ने बताएका छन् । अप्रिलमा विवादास्पद निर्वाचनपछि राष्ट्रपतिका रूपमा शपथ लिएपछि उनको यो पहिलो भारत भ्रमण हो । आलोचकहरूका अनुसार उक्त निर्वाचन सत्तामा सेनाको नियन्त्रण थप मजबुत बनाउन केन्द्रित थियो । यसअघि उनले सन् २०१९ मा म्यान्माका सैन्य प्रमुखका रूपमा भारत भ्रमण गरेका थिए ।

भारत र म्यान्माबीच एक हजार ६४३ किलोमिटर लामो स्थलसीमा तथा बंगालको खाडी क्षेत्रमा समुद्री सीमा जोडिएको छ । भारतका लागि म्यान्मा केवल छिमेकी मुलुकमात्र नभई सुरक्षा, रणनीति र क्षेत्रीय स्थायित्वसँग प्रत्यक्ष जोडिएको साझेदार पनि हो । म्यान्माको चिन राज्य तथा अन्य द्वन्द्वग्रस्त क्षेत्रबाट भागेका हजारौं शरणार्थीहरूलाई भारतले आश्रय दिँदै आएको छ ।

दुई देशले सीमा सुरक्षादेखि विद्रोही समूहविरुद्धको कारबाहीसम्म विभिन्न क्षेत्रमा सहकार्य गर्दै आएका छन् । सीमा आसपास सक्रिय सशस्त्र समूहहरूसँग जुध्न गुप्तचर सूचना आदानप्रदानमा पनि दुवै पक्षबीच सहयोग रहेको बताइएको छ ।

मोदी र मिन आङ ह्लाइङले भेटपछि संयुक्तरूपमा सञ्चारमाध्यमलाई सम्बोधन गर्नुभएन, जबकि नयाँ दिल्ली भ्रमणमा आउने धेरैजसो विदेशी राष्ट्र वा सरकार प्रमुखहरूसँग हुने द्विपक्षीय भेटपछि यस्तो अभ्यास सामान्य मानिन्छ । विदेशसचिव मिस्रीका अनुसार दुई नेताबीच व्यापार, रक्षा तथा सुरक्षा सहकार्य, सीमा व्यवस्थापन, क्षेत्रीय मुद्दा, आर्थिक सम्बन्ध र प्रविधि साझेदारीबारे विस्तृत छलफल भएको थियो । दुवै पक्षले व्यापार, ऊर्जा, महत्त्वपूर्ण खनिज, पूर्वाधार र क्षेत्रीय सम्पर्क विस्तारसँग सम्बन्धित प्रमुख परियोजनालाई तीव्रता दिने सहमति गरेका छन् ।

वार्तामा साइबर अपराध र मानव बेचबिखन नियन्त्रणसम्बन्धी सहकार्य पनि महत्त्वपूर्ण विषयका रूपमा उठाइएको थियो । दक्षिण तथा दक्षिणपूर्वी एसियामा फैलिएका ठगी केन्द्रहरूमा फसाइएका भारतीय नागरिकहरूको विषयमा पनि छलफल भएको बताइएको छ । मिस्रीका अनुसार पछिल्ला १८ महिनामा भारत र म्यान्माले संयुक्त प्रयासमार्फत दुई हजार ४०० भन्दा बढी भारतीय नागरिकको उद्धार गरेका छन् ।

भारत भ्रमणका क्रममा मिन आङ ह्लाइङले राष्ट्रपति द्रौपदी मुर्मु, विदेशमन्त्री सुब्रह्मण्यम जयशंकर तथा राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग पनि भेटवार्ता गरेका थिए । *रासस/एपी*

# नोट्रे डेममुनि १७ सय वर्षको इतिहास

**पेरिस–** नोट्रे डेम क्याथेड्रल पुनः खुलिसकेपछि हजारौं पर्यटकहरू यसको टावर, गार्गोयल र वास्तुकलाको आकर्षण हेर्न लामबद्ध छन् । तर उनीहरू उभिएको जमिनको केही मिटर तल भने पुरातत्त्वविद्हरूले अर्को संसार उजागर गरिरहेका छन्- रोमनकालीन पेरिसदेखि मध्ययुगीन बस्ती हुँदै करिब एक हजार ७०० वर्षभन्दा बढी समयको तहगत इतिहास । फ्रान्सेली सञ्चारमाध्यमले यसलाई 'शताब्दीको ऐतिहासिक उत्खनन' भनेर वर्णन गरेका छन् ।

सन् २०१९ को भीषण आगलागीले नोट्रे डेमको शिखर भत्काएपछि विश्वभर चासो पैदा भएको थियो । लामो पुनर्निर्माणपछि क्याथेड्रल सन् २०२४ को अन्त्यमा पुनः खुल्यो । अहिले पेरिस प्रशासनले यसको अगाडिको विशाल खुला क्षेत्रमा रूख, छाया र हरियाली थप्दै नयाँ सार्वजनिक चोक बनाउने योजना अघि बढाइरहेको छ । तर यति पुरानो सहरमा जमिन खन्नुअघि त्यसको मुनिको इतिहास पढ्नैपर्ने हुन्छ । यही कारण नोट्रे डेमको अगाडिको भाग अहिले घेराबार गरिएको सक्रिय उत्खननस्थल बनेको छ ।

पर्यटकहरूको लाइनभन्दा केही कदम पर, काठका अस्थायी बाटोले काटिएको खुला खाडलभित्र पुरातत्त्वविद्हरूले जमिनमुनि गाडिएको पेरिसको इतिहास उत्खनन गरिरहेका छन् । पहिलो ऐतिहासिक संकेत सतहबाट करिब ५० सेन्टिमिटर तल देखिन्छ भने चार मिटरभन्दा बढी गहिराइमा पुग्दा टोली अझै पुराना सभ्यताका अवशेष निकालिरहेको छ । कतिपय दिन उनीहरूले दशकौंदेखि नछोइएको जमिनबाट १५ वटा टोकरीभरि सामग्री निकाल्ने गरेका छन् ।

पेरिस पुरातत्त्व एकाइकी संरक्षक लुसी एल्टेनबर्गले यस्तो अवसर अत्यन्त दुर्लभ भएको बताइन् । 'हाम्रा लागि पेरिसको इतिहासलाई नयाँ रूपमा बुझाउने काममा प्रत्यक्ष संलग्न हुन पाउनु असाधारण अवसर हो,' उनले भनिन् ।

उत्खननबाट सयौं वस्तुहरू फेला परिसकेका छन् । तीमध्ये चौथो शताब्दीको एउटा सिक्कामा



रोमन सम्राट कन्स्टान्टाइनको अनुहारको छाप भेटिएको छ । मध्ययुगीन सिरेमिक भाँडाका टुक्राभित्र भेटिएका हल्का रातो अक्षर र रहस्यमय चिह्नहरूले पनि अनुसन्धानकर्तालाई चकित बनाएका छन् । विशेषज्ञहरूका अनुसार ती चिह्नहरूको अर्थ अझै खुल्न बाँकी छ, जसले यो उत्खननलाई आधुनिक रहस्यकथाजस्तै रोचक बनाएको छ ।

म्यानचेस्टरबाट आएका दुई बालबालिकाका साथ लाइनमा उभिएकी ३४ वर्षीया पर्यटक एमिली कार्टरले क्याथेड्रलको अनुभव अब झन् फरक बनेको बताइन् । 'तपाईं क्याथेड्रल हेर्न आउनुहुन्छ, तर अचानक तपाईंको खुट्टामुनि अर्को सहर दबिएको छ भन्ने महसुस गर्नुहुन्छ,' उनले भनिन् ।

पुरातत्त्वविद्हरूका अनुसार प्राचीन सहरहरूमा विकास र इतिहासबीच यस्तै सम्झौता भइरहन्छ । विगत संग्रहालयभित्र सीमित हुँदैन, बरु सडककै तल गाडिएको हुन्छ । नयाँ पुस्ताले पुरानो संरचनामाथि निर्माण गर्दै जाँदा जमिनको सतह क्रमशः माथि उठ्दै जान्छ । रोममा रोमन साम्राज्य पतन भएयता जमिनको तह करिब नौ मिटर उक्लिएको उदाहरण दिइन्छ । एथेन्सले सन् २००४ को ओलम्पिकअघि मेट्रो बनाउँदा इतिहासकै ठूलो उत्खननमध्ये एक सम्पन्न गरेको थियो । पेरिसमा अहिले भइरहेको काम पनि त्यही परम्पराको निरन्तरता हो ।

यो सम्पूर्ण कथा सेन नदीको टापु 'इले डे ला साइट'सँग जोडिएको छ, जहाँबाट पेरिसको आरम्भ भएको मानिन्छ । शताब्दीऔंपछि यही स्थानमा नोट्रे डेम उभिएको थियो । उत्खनन टोलीकी प्रमुख पुरातत्त्वविद् क्यामिली कोलोनाका अनुसार सन् ११६३ मा क्याथेड्रल निर्माण सुरु हुँदा अहिलेको खुला चोक क्षेत्रमा घना मध्ययुगीन घरहरू थिए र तिनलाई एउटामात्र सडकले छुट्याएको थियो ।

टोली अहिले ती पुराना घरहरूको तहखानासम्म पुगिसकेको छ । त्यसको अझ तल छैटौंदेखि १०औं शताब्दीसम्मका मेरोभिञ्जियन र क्यारोलिंगियनकालका अन्न भण्डारण खाडलहरू भेटिएका छन् । अझ गहिरो तहमा चौथो र पाँचौं शताब्दीका रोमन संरचनाका अवशेष देखापरेका छन् । करिब चार मिटरको माटोभित्र २० शताब्दीको इतिहास तहगतरूपमा थुप्रिएको छ ।

२२ वर्षीया पुरातत्त्व विद्यार्थी यास्मिन बेनालीले उत्खननस्थल हेर्दै पेरिसलाई अब पोस्टकार्डजस्तो स्थिर सहर नभई अझै पत्ता लगाइँदै गरेको जीवित इतिहासजस्तो लाग्न थालेको बताइन् ।

सबैभन्दा उल्लेखनीय सामग्री मध्ययुगीन घरमुनिका पुराना फोहोर खाडल र शौचालयबाट भेटिएका छन् । त्यहाँबाट जनावरका हड्डी, भाँचिएका प्लेट, पूरै संरक्षित जग र कपहरू निकालिएका छन् । युनिटकी पुरातत्त्वविद् भ्यालेन्टाइन ब्रेलोक्सका अनुसार शताब्दीयौंपछि पनि पूर्ण अवस्थाका सिरेमिक सामग्री भेटिनु असाधारण घटना हो । नरम फोहोरले ती वस्तुहरूलाई सुरक्षित राखेको उनले बताइन् ।

केही वस्तुहरूले अनुसन्धानकर्तालाई अझ बढी अचम्मित पारेका छन् । सामान्य मध्ययुगीन भाँडाजस्तो देखिने सामग्री सफा गर्दा भित्री भागमा समान प्रकारका रहस्यमय रातो अक्षर र चिह्नहरू फेला परेका छन् । ब्रेलोक्सका अनुसार नोट्रे डेम उत्खननबाट फेला परेका सामग्रीमध्ये यी सबैभन्दा आश्चर्यजनक हुन् ।

सिक्काहरू पनि अनुसन्धानका लागि महत्त्वपूर्ण प्रमाण बनेका छन् । कालो र खिइएका धातुका टुक्राजस्ता देखिएका सिक्का एक्स-रे परीक्षणपछि रोमन सम्राट कन्स्टान्टाइनकालीन रहेको पुष्टि भएको छ । एल्टेनबर्गका अनुसार यस्ता वस्तुहरूले भूमिगत तहहरूको समय निर्धारण गर्न अमूल्य सहयोग पुऱ्याउँछन् ।

रोमनकालीन अवशेषलाई पुरातत्त्वविद्हरूले विशेष महत्त्वका साथ हेरेका छन् । रोमन शासनकालमा पेरिसलाई 'लुटेटिया' भनिन्थ्यो र त्यसको केन्द्र नदीको बायाँ किनारमा रहेको मानिन्छ । रोमन साम्राज्य पतनपछि मानिसहरू फेरि इले डे ला साइटतर्फ फर्किए, जहाँपछि नोट्रे डेम निर्माण भयो । पुराना भवनबाट निकालिएका ढुंगाले टापुलाई मजबुत बनाइएको प्रमाण पनि टोलीले भेटेको छ । एउटा विशाल रोमन भवनको ढोकाको भाग काटेर उल्टो पार्दै सडक निर्माणमा प्रयोग गरिएको अवशेष पनि फेला परेको छ ।

उत्खननबाट निकालिएको प्रत्येक वस्तु पछि पेरिसको पुरातत्त्व केन्द्रमा पठाइन्छ, जसलाई कोलोनाले 'पेरिसको विशाल पुरातात्त्विक भण्डार' भनेकी छन् । फ्रान्समा यस्ता उत्खनन प्रायः नयाँ निर्माण कार्यसँगै सम्भव हुने गर्छन् । एल्टेनबर्गका अनुसार नोट्रे डेम क्षेत्रमा यस्तो अनुसन्धान सम्भव हुनुको कारण पेरिस सहरले सार्वजनिक चोकलाई पुनः डिजाइन गर्ने निर्णय गर्नु हो ।

नयाँ चोक सन् २०२८ सम्ममा तयार हुने लक्ष्य राखिएको छ । त्यहाँ १६० नयाँ रूख रोपिनेछन्, ढुंगामाथि पानीको पातलो तह बहाइनेछ र बढ्दो गर्मीको सामना गर्न चिसोपन दिने संरचना बनाइने छ । अहिले घाममा लामबद्ध हुने पर्यटकहरू भविष्यमा छायाँमुनि क्याथेड्रल प्रवेशको प्रतीक्षा गर्न सक्ने छन् । पुरानो भूमिगत पार्किङस्थललाई आगन्तुक केन्द्रका रूपमा पुनः सञ्चालन गर्ने योजना पनि छ ।

तर पुरातत्त्व टोलीको ध्यान अझै जमिनमुनि छ । उनीहरू रोमन तहभन्दा पनि तल पुगेर पेरिसको पहिलो पहिचानसँग जोडिएका गौल सभ्यताका संकेत खोज्न चाहन्छन् । एल्टेनबर्गले भनिन्, 'हाम्रो आशा पहिलेभन्दा पनि अझ पुरानो इतिहाससम्म पुग्ने हो ।' *रासस/एपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – ३११३०० | प्रति तोला – ० | प्रति तोला – ५४०५



**कागबेनीका खेतबारी** | मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-४ स्थित कागबेनी क्षेत्रको खेतबारी । यतिबेला किसानको खेतबारीबाट जौ, उवा र आलु भित्र्याउने बेला हुँदैछ । *तस्बिरः रासस*

### गण्डकीको नीति तथा कार्यक्रम

## कृषि र पर्यटन प्राथमिकतामा

■ प्रभाव संवाददाता

**गण्डकी –** गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । प्रदेश प्रमुख डिल्लीराज भट्टले प्रदेशसभाको मंगलबारको बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । नागरिकको दैनिक जीवनमा अनुभूत हुनेगरी प्रभावकारी सेवा प्रवाह, समावेशी विकास, सुशासन र सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्ने गरी नीति तथा कार्यक्रम प्रस्तुत गरिएको उनले बताए । 'आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी' को दीर्घकालीन सोचलाई मार्गदर्शक सिद्धान्तका रूपमा अवलम्बन गर्दै ल्याइएको नीति तथा कार्यक्रममा कृषि र पर्यटनलाई प्राथमिकता दिइएको छ ।

'सम्मानजनक कृषि : प्रदेशको दृष्टि' भने आदर्श वाक्य तय गर्दै कृषिलाई सम्मानजनक पेशाको रूपमा स्थापित गरी ग्रामीण अर्थतन्त्रलाई सुदृढ गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, विविधिकरण र व्यवसायीकरणमा जोड दिइएको छ ।

विदेश तथा स्वदेशका विभिन्न सहरबाट गाउँ फर्केर व्यासायिक कृषि र कृषि उद्योग सञ्चालन गर्न चाहाने व्यक्तिलाई व्यवसाय कर्जामा ब्याज अनुदान दिँदै 'रिर्टन टु भिलेज' अभियान सञ्चालन गरिने प्रदेश प्रमुख भट्टले बताए । कृषि उत्पादनको बजार पहुँच र न्यायोचित मूल्यका लागि 'कृषि एप' को विकास गरिने जनाइएको छ । कृषि उपजको सहज बजारीकरणका लागि कृषि कृषि एम्बुलेन्स सेवाको प्रभावकारी कार्यान्वयन गरिने भएको छ ।

अन्तरप्रदेश साझेदारीमा कृषि उपज गुणस्तर परीक्षण तथा स्तरीकरणका लागि प्रयोगशाला स्थापना गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । आगामी आवमा १० वटा स्थानीय तहलाई 'पशुमा पूर्ण खोप स्थानीय तह' घोषणा गर्दै चालु पञ्चवर्षीय योजना अवधिभित्रै प्रदेशलाई पूर्ण पशु खोपयुक्त प्रदेश घोषणा गरिने भएको छ । कृषि बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाइने भएको छ । जग्गा चक्लाबन्दी, आलु तथा चैते धान प्रवर्द्धन कार्यक्रम, करिडोर लक्षित कृषि विकास कार्यक्रम आदिलाई निरन्तरता दिइने प्रदेश प्रमुख भट्टले बताए ।

पर्यटकीय राजधानी पोखरामा अन्तर मन्त्रालय तथा निकायको समन्वयमा एकीकृत पर्यटन विकास अवधारणा कार्यान्वयन गरिने भएको छ । दामोदर कुण्ड, मुक्तिनाथ, गलेश्वर, पञ्चकोट, देवघाट, त्रिवेणीधामजस्ता धार्मिकस्थल जोड्ने गरी 'धार्मिक पर्यटन परिपथ' विकास गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । आन्तरिक पर्यटन प्रवर्द्धन गर्न 'पहिला घरदेश अनि परदेश' र 'लेक टु लेक' कार्यक्रम सञ्चालन गरिने जनाइएको छ । मनाश्लु, अन्नपूर्ण र धवलागिरि हिमाल तथा ढोरपाटन क्षेत्रको पर्यटकीय सम्भावनालाई विश्वस्तरमा चिनाउन पदमार्ग स्तरोन्नति तथा वैकल्पिक पदमार्ग पहिचान र विकास गरिने भएको छ ।

मोदीवेणीधामदेखि बागलुङको भैरवस्थापन र पर्वतको पुर्कोटसम्म धार्मिक पदमार्ग निर्माण गरिने जनाइएको छ । लिगलिगकोट-गोरखा दरबार-मनकामना पदमार्गलाई नेपाली सभ्यताको चिनारी तथा नेपाल एकीकरण मार्गका रूपमा विकास गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

## 'निर्यात प्रवर्द्धनमा बजेट सकारात्मक'

■ प्रभाव संवाददाता

**काठमाडौं –** निर्यात व्यवसायी महासंघले आगामी आर्थिक वर्षको बजेटले धेरै विषय सम्बोधन गरेकामा स्वागत गरेको छ । नयाँ राजनीतिक स्थिरताको परिवेश, चुनावी प्रतिबद्धता र सरकारको १०० दिने कार्यक्रमको निरन्तरताका रूपमा आएको आगामी आव २०८३/८४ का बजेटले निजी क्षेत्रले लामो समयदेखि उठाउँदै आएका नीतिगत विषयमा सुधार गरेको महासंघको कथन छ ।

बजेटको आकार, स्रोतको चाप र खर्चको संरचनागत पक्षमा देखिएको चुनौती र कतिपय बजेटमा सम्बोधन हुन नसकेकाले विषयलाई सम्बोधन गर्दै कार्यान्वयन गर्न महासंघले अनुरोध गरेको छ ।

महासंघले व्यक्तिगत आयकर छुटको सीमा दोब्बर गरी रू १० लाख पुर्‍याइनु, अधिकतम करको दर १० प्रतिशत बिन्दुले घटाउनु, ३६० वस्तुको अन्तःशुल्क खारेज गर्नु र भन्सार दरलाई ११ तहबाट सात तहमा झार्नु प्रशंसनीय कदम भएको महासंघका अध्यक्ष गोविन्दप्रसाद घिमिरेले जानकारी दिए ।

औद्योगिक कच्चापदार्थको भन्सार दर तयारी वस्तुको भन्दा कम्तीमा एक तह कम गर्ने नीति, कम्पनी ऐन र विदेशी लगानी ऐनमा संशोधन गरी विदेशी लगानी फिर्ता सरलीकरणको व्यवस्थाले स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नेमा महासंघले प्रसन्नता व्यक्त गरेको छ ।

सूचना प्रविधि सेवा निर्यातबाट आर्जित आयमा ५० प्रतिशत कर छुट, स्वेट इक्विटीमा शतप्रतिशत कर छुटले नेपाललाई 'टेकहब' बनाउने आधार खडा गर्ने विश्वास व्यक्त गरेको छ । निजी क्षेत्रलाई अन्तरराष्ट्रिय बजारमा विद्युत् व्यापार गर्न दिने कानुनी मार्ग प्रशस्त गर्नु, नेपाल विद्युत् प्राधिकरणको त्रिपक्षीय कम्पनीमा विभाजन र 'आरोग्य पर्यटन' को ब्राण्डिङ गर्ने कुरा सकारात्मक रहेको उल्लेख गरेको छ ।

## नेप्से परिसूचक बढ्यो

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार भने उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से परिसूचक २२.२१ अंकले उकालो लागेर दुई हजार ७७७.५८ मा पुगेको छ ।

यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.७८ अंकले उकालो लागेर ४७३.५१ मा पुगेको छ । कुल ३४६ कम्पनीको एक करोड १३ लाख ८५ हजार १०० कित्ता शेयर रु पाँच अर्ब २६ करोड ५२ लाख ७५ हजार २९९ मूल्यमा खरिद बिक्री भएको छ । कारोबारका आधारमा आँखुखोला जलविद्युत् कम्पनी शीर्षस्थानमा छ ।

## सानिमा जिआइसी इन्स्योरेन्स र वाइज याक सोलुसन्सबीच सम्झौता

**काठमाडौं (प्रस)–** सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड र वाइज याक सोलुसन्स प्रालिबीच एआई मार्फत कृषी तथा पशुपन्छी बीमा र लघु बीमा सम्बन्धमा बीमा सचेतना कार्यक्रम सञ्चालन गर्ने सहमति बनेको छ । सिराह, सप्तरी, धनुषा र महोत्तरी जिल्लामा बीमाको पहुच नपुगेको क्षेत्र र वर्गका जनतलाई स्थानिय भाषामा बीमा सचेतना कार्यक्रम सञ्चालन गर्नको निमित्त जेठ १७ गते सम्झौता सम्पन्न भएको हो ।

उक्त सम्झौतापत्रमा सानिमा जिआईसी इन्स्योरेन्सका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुद्युम्न प्रसाद उपाध्याय र वाइज याक सोलुसन्स प्रालिको तर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रा.डा. सुरेश मानन्धरबाट हस्ताक्षर गरे ।



## संकल्प र लगनले चुम्दै सफलता

■ गोपालप्रसाद बराल

**महोत्तरी–** साहुले ऋण नपत्याउँदा विदेश जान नपाएर तरकारीखेतीमा लागेका महोत्तरीका किसान अहिले प्रेरक व्यक्तिको उदाहरणका रूपमा उभ्याइने गरिन्छ । 'गरे के हुँदैन ?' भन्ने आहान महोत्तरीको भंगाहा-४ रामनगरका किसान सत्यदेव महतोले संकल्प र लगनले चरितार्थ गरेको छ । झन्डै १६/१७ वर्षअघि तरकारीखेतीमा जोडिएका महतोलाई अहिले न फुर्सद छ, न पछाडि फर्कनुपरेको छ । केही गर्ने हुटहुटी, संकल्प र लगनले नै उनलाई यो सफलता प्राप्त भएको हो ।

करिब एक बिघा (२० क√ा) जग्गामध्ये १५ क√ामा तरकारीखेती गरेका महतोको बारीमा परवल लहलहाएको छ । खुर्सानीका बोट फूल र चिचिलाले झपक्क छन् । त्यसैगरी काँक्रा, बोडी, घिरौला, झिगुनी, लौका र फर्सीका लहरामा आँख्लैपिच्छे फल लागेका छन् । सबैभन्दा रहरलाग्दो त उनको करेलाखेती छ । महतोले बर्सेनि पाँच/छ क√ामा करेलाखेती गर्दै आएका छन् । मुख्य सडक छेउकै बारीमा रहेको उनको बारीको मचानमा परैबाट लटरम्म देखिने करेला हेर्न बटुवा पुग्छन् ।

तरकारीखेतीमा जमेका महतोको विशेष पहिचान भने करेलाले नै बनाएको छ । वर्षभरिमा फरकफरक मौसम (सिजन)मा गरेर पाँच/छ क√ा करेलाखेती गर्दै आएका उनको करेलाखेती सडकबाटै देखिने हुँदा बटुवाका लागि यो प्रदर्शनीजस्तै बनेको बर्दिबास-२ बारनचौडीका उमेश आचार्य बताउँछन् । 'करेलाखेती त अन्त पनि भएकै छ, तर सतो (सत्यदेवको बोलाउने नाउँ)को खेती हेरेपछि मन दंग हुन्छ', महतोको करेला बारी पुगेका आचार्य भन्छन् । भंगाहा र वरपर छरछिमेकका बस्तीमा तरकारीखेतीको कुरा चल्यो कि त्यहाँ सत्यदेवको कुरा उप्किहाल्छ । महतोले मौसमअनुसारको बोडी, खुर्सानी, काँक्रा, परबल, झिगुनी, लौका, फर्सी, घिरौला र ओलसहितका तरकारी लगाए पनि उनलाई चिन्नेले करेलाकै नामबाट उभ्याउँछन् ।

दाजुभाइबीच अंशवण्डा भएपछि कमाउन कतार जाने सोचले राहदानी बनाएका महतो कतै ऋण नपाएपछि विलखबन्द परेका थियो । अब बाँच्न तरकारीखेतीमा लाग्छु भनेर काम थाल्नुभएका उनले त्यसयता कहिल्यै पछाडि फर्कनुपरेको छैन । 'आफूसँग भएको करिब एक बिघाजति जग्गामध्ये १५ क√ामा तरकारीखेती गर्छु', महतो भन्छन्, 'यसले मलाई सधैँ काममा अघि बढ्न हौसला दिएको छ ।' तरकारीखेती थालेपछि दुईचार पैसाका लागि कसैसँग हात थाप्नु नपरेको र उल्टै छरछिमेकको आपतविपतमा सरसहयोग गर्न पाउँदा सन्तोष मिल्ने गरेको उनी बताउँछन् ।

पाँच क√ाको अन्नबाली (धान, गहुँ)ले खाने अन्न र १५ क√ा तरकारीखेतीले बर्सेनि १०-१२ लाख नगदको जोहो भएपछि त्यतिखेर विदेश जान ऋण नपाएर ठिकै भएछ भन्ने लाग्ने गरेको उनले बताए । 'मेरो करेलाखेतीले मान्छेको मन तानेको छ, मलाई नाउँ नजान्नेले त 'करेलावाला' नै भन्ने गरेका छन्', उनी भन्छन्, 'यसले कमाइ पनि राम्रै दिएको छ । अरुभन्दा करेलामा बढी रेखदेख र स्याहार पुर्‍याउन पर्ने हुँदा सबैले यो खेती गर्दैनन्', उनी भन्छन्, 'मैलेचाहिँ बर्सेनि गर्दै आएको छु ।' लागत र रेखदेख बढी गर्न परे पनि अन्य तरकारीको तुलनामा करेलाको भाउ सधैँ उच्च हुँदा कहिल्यै हरेस खान नपरेको उनको अनुभव छ ।

बाह्रैमास उत्पादन लिन सकिने करेला राम्रो जातको पर्दा रोपेको ५० दिनमै उत्पादन दिन थाल्ने महतोले बताए । माया, राजधानी, विजेता र इण्डो-अमेरिकी जातका करेलाको खेती बढी हुने गरेको उनको भनाइ छ । 'मचाहिँ बर्सेनि बारी फेरेर माया जातको करेला लगाउँछु', महतोले भने । माया चाँडै फुल्ने, फल लाग्ने, रोगको प्रकोप कम हुने र लामो र ठूलो आकारको हुँदा ग्राहकको रोजाइमा पर्ने गरेको उनको अनुभव छ । '२०० ग्राम त सरदरकै हुन्छ, मेरो बारीमा एउटा करेला ३०० ग्रामसम्मको बाक्लै फलेको छ । करेलाखेतीले आफूलाई चिनाएको र आर्जन पनि राम्रै लिइएको उनी बताउँछन् ।

आफू खेतीमा जमेपछि विदेश जान तरखर गरेका आफ्ना पुस्ताका साथीलाई तरकारीखेतीमै डोहोर्‍याएको उनी सगर्व बताउँछन् । आफ्नै देखासिकी र प्रेरणाले बस्तीका पाँचसात जना विदेश जान त्यागेर तरकारीखेतीमा जमेका उनले नाम कमाए । पैसो नपाएर विदेश जान नपाएका साथीलाई यही काम गरे कमाइ हुन्छ भनेर हौसला दिँदै बेलामौकाको सहयोग गरेपछि पाँचसात जना अब तरकारीखेतीमै राम्ररी जमेका महतोको भनाइ छ । 'मैले अब यतै काममा लाग, खेतीमा म पनि सघाउँछु भने, पाँचसात जना लागे, राम्रै गरेका छन्', ३६ वर्षीय महतोकै संगतले तरकारीखेतीमा पसेका सो बस्तीकै उनका समवयी उपेन्द्र यादव, हसन कवारी, चन्देश्वर राय दनुवार र सरोज महतो पनि अहिले अब्बल किसानमा दरिएका छन् ।

तरकारीखेतीमा लागेर सफल किसान दरिएका सत्यदेव, हसन, उपेन्द्र, सरोज र चन्देश्वरसहितका समवयीका खेतीमा भोगिएका समस्या समान छन् । 'भरपर्दो सिँचाइ छैन, चाहिएको ठिक्क बेला बीउबिजन, मल, औषधि पाइँदैन', हसन भन्छन्, 'तीन तहका सरकार छन् भन्छन्, हामीलाई के समस्या छ भनेर सोध्नसम्म पनि कोही आउँदैनन् ।' सबैभन्दा बढी समस्या भरपर्दो बीउमा पर्ने गरेको किसानको अनुभव छ । ठिक्क बेलामा बीउ, मल, सिँचाइ नपाएरै खेतीको समय नाघ्ने गरेको तीतो अनुभव यी किसानले सँगालेका छन् । *रासस*

स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार
- स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान दिऔं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुनः प्रयोगलाई प्राथमिकता दिऔं,
- वृक्षरोपण गरौं र वन संरक्षणमा सक्रिय बनौं,
- प्रदूषण घटाउन सबै मिलेर सहकार्य गरौं,
- फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोग बढाऔं,
- जैविक विविधताको संरक्षण गरौं ।

हरित पृथ्वी, सुरक्षित भविष्य ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ